# गोदावरी नगरपालिका, कैलालीको
# दश वर्षीय शिक्षा क्षेत्र योजना
## आ.व.२०८१/२०८२-२०९०/२०९१

**गोदावरी नगरपालिका**

**अत्तरिया, कैलाली**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

# हाम्रो भनाइ

नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रमहरु स्थानीय तह मार्फत कार्यान्वयन भै रहेका छन् । हाल गोदावरी नगरपालिकाले आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन एवम् सुदृढीकरणका लागि विकेन्द्रीत शैक्षिक योजनाको रुपमा सरोकारवालाहरुको सहभागिता, अपनत्व, स्रोत र साधनको अधिकतम परिचालन र उपयोग गरी पालिकाको शैक्षिक गुणस्तर सुधार गर्ने कार्यलाई प्रमुख प्राथमिकतामा राखेको छ । विद्यालय सुधार योजना र गाउँ/नगर शिक्षा योजनालाई केन्द्रीत शैक्षिक योजनाको महत्वपूर्ण योजनाको रुपमा हेरिन्छ । स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई आवधिक योजनाको साथ साथै बिषयगत योजनाहरु पनि निर्माण गरी कार्यान्वयन गर्नुपर्ने कुरालाई नीतिगत रुपमा व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा योजनाको रुपमा १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको अवस्थालाई मध्यनजर गर्दै स्थानीय तहमा पनि १० वर्षीय शिक्षा योजना निर्माण गरी सामुहिक लक्ष्य तथा उद्देश्य प्राप्तिमा समन्वय र सहकार्य गरी अगाडि बढ्न सकेमा गोदावरी नगरपालिकामा योजनावद्ध रुपमा शैक्षिक गतिविधि सञ्चालन भै गुणस्तर अभिवृद्धिमा ठोस योगदान पुग्नेछ ।

यसै सन्दर्भमा स्थानीय तहको शिक्षा योजना निर्माण सम्वन्धी मार्गदर्शन २०७९ परिमार्जित संस्करण २०८१ लाई आधार मानी पहिले बनाएको  योजनालाई अद्यावधिक गरिएको हो । विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनको क्रममा कतिपय समसामयिक मुद्धाहरु (लैङ्गिक समानता, समावेशिकरण,वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन) को बारेमा पनि स्थानीय तहले निर्माण गर्ने योजनामा समावेश हुनुपर्छ भन्ने अभिप्रायले यो मार्गदर्शन अद्यावधिक गरिएको छ । नेपालको संविधान, शिक्षा नीति, विद्यमान ऐन कानून, विद्यालय क्षेत्र विकास कार्यक्रम, आवधिक योजना लगायतका सामग्रीहरु अध्ययन गरी यो शिक्षा योजना अद्यावधिक गरिएको छ ।

अन्तमा, शिक्षा योजना निर्माण तथा अद्यावधिक कार्यमा सहयोग गर्नु हुने यस गोदावरी नगरपालिका अन्तर्गत शिक्षा योजना लेखन कार्यदलका सम्पूर्ण सदस्यहरु तथा अमूल्य पृष्ठपोषण उपलब्ध गराउनु हुने सबै विज्ञहरु,गोदावरी नगर शिक्षा समिति, शिक्षा युवा तथा खेलकुद शाखा गोदावरीका साथै योजना अद्यावधिक गर्ने कार्यमा प्राविधिक सहयोग गर्ने EU, UNICEF, नेपाल र सामुदायिक विकास केन्द्र (CDC) डोटी प्रति हार्दिक आभार ब्यक्त गर्दछौ ।

## विषयसूची


**विषय प्रवेशः** ........ i

**परिच्छेद १ परिचय** ........ १

१.१ वर्तमान अवस्था........ १

१.२ मुख्य समस्या तथा चुनैतीको विश्लेषण ........ ४

**परिच्छेद २ दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण** ........ ७

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार ........ ७

२.२ दूरदृष्टिः ........ १०

२.३ लक्ष्यः ........ १०

२.४ उद्देश्य : ........ १०

२.५ रणनीति तथा कार्यनिति : ........ ११

२.६ अपेक्षित उपलब्धिः ........ १५

२.७ स्थानीय तहको शिक्षा योजनामा रहनुपर्न मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः........ १५

**परिच्छेद ३ शिक्षाका मुख्य उपक्षेत्र** ........ २१

३.१ प्रारम्भिक बालविकास र शिक्षाः ........ २१

३.२ आधारभूत शिक्षाः ........ २६

३.३ माध्यमिक शिक्षा ........ २९

३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम ........ ३४

३ ५ अनैपचारिक शिक्षा र आजीवन सिकाइ ........ ३७

**परिच्छेद ४ अन्तरसम्बन्धित बिषय तथा क्षेत्र** ........ ४१

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री र मूल्यांकन ........ ४१

४.२ शिक्षक व्यवस्थापन र विकास ........ ४५

४.३ शैक्षिक समता र समावेशीकरणः ........ ५१

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ ५३

४.५ विद्यालय सुरक्षा विपत न्यूनीकरण तथा उत्थानशीलता ........ ५५

४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ ५८

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ ६०

**परिच्छेद ५ सुशासन तथा व्यवस्थापन** ........ ६२

५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ ६२

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ ६५

**परिच्छेद ६ लगानी र स्रोत व्यवस्थापन** ........ ६६
६.१ वर्तमान अवस्था ........ ६६
६.२ उद्देश्य ........ ६७
६.३ रणनिति ........ ६७
६.४ प्रमुख उपलब्धि तथा नतिजा ........ ६८
६.५ प्रमुख क्रियाकलाप र लक्ष्य ........ ६९
**परिच्छेद ७ अनुगमन तथा मूल्याङ्कन** ........ ७४
७.१ वर्तमान अवस्था ........ ७४
७.२ उद्देश्य ........ ७४
७.३ रणनिति ........ ७४
७.४ कार्यनिति ........ ७५
७.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ७५
७.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ७६

## क. विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता सुनिश्चित गर्नको लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको शिक्षा योजना निर्माण भै कार्यान्वयनमा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएपश्चात आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रमहरु स्थानीय तह मार्फत कार्यान्वयन भैरहेका छन् । अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि गोदावरी नगरपालिकाले स्थानीय, संघीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकताहरूलाई प्राथमिकतामा राखी पालिकाको शिक्षा योजना अद्यावधिक गरिएको छ ।

## ख. शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षा निति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य तथा विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यहरुलाई संघीय संरचना अनुरुप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न संघीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा गोदावरी नगरपालिकाको साथसाथै नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार आधारभुत तथा माध्यमिक तहको शिक्षाको अधिकार स्थानीय तहलाई भएकोले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानहरुलाई कार्यान्वयन गर्नको लागि सबै स्थानीय तहहरुले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नु अनिवार्य छ ।विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिकलगायतका कारणले सुविधाविहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तरतथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** तयार गरेको छ । यसै आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सबै स्थानीय तहहरूले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नु पर्ने आवश्यकतालाई महशुस गरी स्थानीय शिक्षा योजना निर्माण गरिएको हो ।

## ग. स्थानीय तहको शिक्षा योजना निर्माणको औचित्य

- तीनै तहमा बन्ने शिक्षा योजनाका विच लम्बीय र क्षितिजीय सहसम्बन्ध स्थापित गर्न ।
- संघ र प्रदेशबाट प्रदान गरिने स्रोतहरुलाई योजनामा आधारित बनाइ व्यवस्थापन, परिचालन र उपयोग गर्न ।
- कार्यक्रम र स्रोतमा देखिएका अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता, आदि जस्ता समस्याहरूलाई न्यूनीकरण गर्न ।
- साझा विषयहरुमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन ।

## घ. योजना निर्माणका आधारहरुः

गोदावरी नगरपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजहरुलाई मूल आधार मानिएको छ ।

- नेपालको संविधान ।

- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन लगायत विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन, नियमावली ।
- विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)।
- शिक्षा नीतिहरु मूलतः राष्ट्रिय शिक्षा नीति, शिक्षाको सोचपत्र, सोह्रौँ योजना लगायत आवधिक योजना ।
- दिगो विकास लक्ष्य राष्ट्रिय प्रारूप ।
- स्थानीय विकास योजना ।
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना,वार्षिक विकास कार्यक्रम तथावजेट ।
- Recovery and Accelerated Learning (ReAL) Plan२०२३-२०२८
- विद्यालय शिक्षामा समता रणनीति ।
- राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
- विद्यालयगत भए गरेका आयव्यय विवरण (सकेसम्म सबै विद्यालयको)
- अन्य सरकारी र गैरसरकारी संघसंस्थाहरूको शिक्षासम्बन्धी कार्यक्रमहरू आदि l

स्थानीय शिक्षा योजना निर्माण गर्दा नगरपालिकाले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, महिला विकास आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमूना विद्यालय विकास योजना जस्ता विभिन्न योजनाहरूलाई पनि मध्यनजर गरी यस्ता विभिन्न योजनाहरू बीचको अन्तरसम्बन्धमा जोड दिइएको छ । यसका साथै शिक्षा योजना निर्माण गर्दा पालिकाले बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार निर्माण गरी अनुकूल सिकाइ वातावरणको सुनिश्चितता गरिएको छ ।

## ङ. शिक्षा योजना निर्माण प्रक्रिया

गोदावरी नगरपालिकाको शिक्षा योजना निर्माण गर्दा नगरपालिका शिक्षा समितिको नेतृत्वमा गरिएको छ । योजना निर्माण गर्दा योजना निर्माण कार्यदल गठन गरी जिम्मेबारी बाँडेर योजना लेखन अद्यावधिक गर्ने कार्य गरिएको थियो । साथसाथै पालिका शिक्षा योजनाको अद्यावधिक गर्दा पनि पालिकाले सहभागितामूलक प्रक्रिया अबलम्बन गरिएको थियो । योजनासँग सम्बन्धित सरोकारवालाहरु विषय क्षेत्रको विज्ञ तथा प्राविधकहरुलाई (पालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रसाशकीय अधिकृत, सम्बन्धित शाखा प्रमुख, विद्यालय वा अन्य व्यक्तिहरुबाट) सहभागी गराइएको थियो l योजना निर्माण समितिलाई सहजीकरण र जिम्मेवार बनाउन लिखित जिम्मेवारी दिइएको थियो l

पालिका शिक्षा योजनाको अद्यावधिक गर्दा पालिकाले तपसिल बमोजिमको सहभागितामूलक प्रक्रिया अवलम्बन गरीएको थियो।

- नगर कार्यपालिकाको बैठक
- योजना निर्माण समितिको गठन
- गाउँ/टोल तथा वडाहरू र अन्य सरोकारवालाहरु (विद्यालय प्र.अ./शिक्षक,वि.व्य.स., सरकारी/गैर सरकारी संघ-संस्था आदि) सँगको भेला र छलफल र पृष्ठपोषण
- मस्यौदा तयारी
- मस्यौदा उपर सुझाव संकलन
- योजनाको अन्तिम रुप
- बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा
- योजनाको स्वीकृति र कार्यान्वयन

## च. योजनाको लेखाजोखा

गोदावरी नगरपालिकाको शिक्षा योजना निर्माण गरिसकेपछि हाम्रो योजना विश्वसनिय वस्तुनिष्ठ दिगो र लगानीयोग्य छ कि छैन भन्नको लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनेछ । जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्वपूर्ण कार्य तथा योजनाको अभिन्न अंग हो । निर्माण गरिएको योजनाको लेखाजोखा कार्यलाई यस नगरपालिकाले आन्तरिक र बाहिरका विभिन्न क्षेत्रका विज्ञहरुले समिति निर्माण गरी सो समितिको कार्य विवरण सम्पन्न गरिनेछ । योजनाको लेखाजोखा गर्दा तपसिल बमोजिमका सूक्ष्म पक्षहरुको विस्तृत रुपमा विश्लेषण गरिनेछ ।

- नेतृत्व तथा सहभागिता
- पर्याप्तता तथा सान्दर्भिकता
- समता सक्षमता तथा गुणस्तर
- अन्तरसम्बन्ध तथा तादम्यता
- सम्भाब्यता तथा कार्यान्वयनयोग्यता
- श्रोतको प्रबन्ध
- संस्थागत क्षमता
- कार्यान्वयनमा तत्परता
- तथ्याङ्क विश्लेषण र प्रक्षेपण
- अनुगमन र प्रतिवेदन

# परिच्छेद १: परिचय

शिक्षा विकासको निम्ति पूर्वाधारको पनि पूर्वाधार मानिन्छ । शिक्षाले व्यक्तिको अन्तरनिहित प्रतिभा प्रस्फुटन गरी व्यक्तिको सर्वाङ्गीण विकास मार्फत असल, योग्य, सक्षम, प्रतिस्पर्धी एवम् स्वाबलम्बी नागरिक तयार गर्दछ । नेपालको संविधानको धारा ३१ मा शिक्षासम्वन्धी हकको व्यवस्था गरी अनिवार्य र नि:शुल्क विद्यालय शिक्षा सुनिश्चित गर्नका लागि अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६ जारी गरी कार्यान्वयनमा ल्याइएको छ । नेपाल सरकारले ईन्चोन घोषणामा हस्ताक्षर गरी नेपालको सार्वजनिक शिक्षा सुदृढ गरिनेछ भनी प्रतिबद्धता जनाएको छ । यसैगरी दिगो विकासका लक्ष्यहरु (SDGs) प्रति नेपालको प्रतिबद्धता, सोह्रौं योजना, सन २०२६ सम्म अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रुपमा स्तरोन्नति गर्ने संकल्पलाई आत्मसात गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को ११(ज) अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको २३ ओटा अधिकार स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा पालिकाले सीमित श्रोत साधनबाट कार्यान्वयन गर्न सकिने किसिमको शिक्षा योजना निर्माण गरिएको छ ।

## १.१ वर्तमान अवस्था

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले दिएको अधिकारहरु अन्तर्गत स्थानीय तहका सरकारहरु शिक्षा सम्बन्धी नीति तथा योजना कार्यान्वयनमा अभ्यासरत छन् । दिगो विकासका १७ ओटा लक्ष्यहरु मध्ये लक्ष्य नं. ४ को गुणस्तरीय शिक्षा, सोह्रौं आवधिक योजना, राष्ट्रिय शिक्षा नीति, २०७६ र संघीय शिक्षासम्बन्धी कानूनहरुसँग तादात्म्यता हुने गरी गोदावरी नगरपालिकाले शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गरिरहेको छ । प्रारम्भिक बालविकास शिक्षा, अनौपचारिक शिक्षा, आधारभूत तथा माध्यमिक विद्यालय तहको शिक्षाको प्रमुख जिम्मेवारी स्थानीय सरकारको जिम्मेवारी रहेको सन्दर्भमा नगरवासीहरुको सर्वसुलभ गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नका लागि नगर शिक्षा योजना आवश्यक परेको हो । शिक्षा प्रणालीमा रहेका चुनौतीलाई अवसरको रुपमा उपयोग गर्दै संघीयताको मर्म अनुरुप आफ्नो पालिकाको शिक्षाको विकास आफैं गरौं भन्ने उद्देश्य सहित स्थानीय तहमा शिक्षाको गुणस्तर वृद्धि गर्ने ध्येयले यो योजना अद्यावधिक गरिएको हो ।

शिक्षालाई गुणस्तरीय, प्रतिस्पर्धी, रोजगारमूलक, वैज्ञानिक, जीवनोपयोगी अनुसन्धानमूलक बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति उत्पादनमा स्थानीय तहको महत्वपूर्ण जिम्मेवारी रहेको छ । संविधानले प्रदत्त गरेका शिक्षासम्वन्धी हकहरुलाई सुनिश्चित गर्न आवश्यक पर्ने नीतिगत सुधारको पक्षहरुलाई नगरपालिकाले जोड दिनुपर्ने आवश्यकता रहेको छ ।

ज्ञान,विज्ञान तथा प्रविधिमा भएको आमूल परिवर्तनलाई आत्मसात गर्ने र नवप्रवर्तनात्मक सिप,कला, अनुशरण गर्दै पालिकाको देशको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि उपयोगी जनशक्ति विकासका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन शिक्षामा नयाँ योजना आवश्यक देखिएको छ । यस नगरपालिका अन्तरगतका क्षेत्रमा विभिन्न समयमा देखा पर्ने प्राकृतिक प्रकोप,महामारी तथा आपत विपतबाट समग्र शिक्षा क्षेत्रमा उत्पन्न हुने जोखिमलाई न्यूनिकरण गर्न सक्षम,उत्थानशील शिक्षा पद्दतिको विकासलाई समेत प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको छ ।उल्लेखित सन्दर्भले यस नगरपालिकाको शिक्षा क्षेत्रको विकासका लागि नयाँ योजनाको आवश्यकता बोध गरी यो दश वर्षीय शिक्षा क्षेत्र योजना (10 Year Education Sector Plan-ESP) आगामी १० वर्षको शिक्षा विकासको दृष्टिकोणसहित अद्यावधिक गरिएको छ । यस नगरपालिकाको शिक्षा विकासमा सामाजिक,सांस्कृतिक र

आर्थिक सन्दर्भ,भौगोलिक,जनसाङ्खिक र शासकीय स्वरुपको प्रभाव रहने भएकाले यो शिक्षा योजना निर्माणका क्रममा यी सन्दर्भहरुको सामान्य समीक्षा गरिएको छ।

### (क) भौगोलिक अवस्थितिको विश्लेषण

कैलाली जिल्लाको मध्यपश्चिम भागमा अवस्थित यो नगरपालिका साविकको अत्तरिया,मालाखेती, श्रीपुर र गेटा गा.वि.स. मिलाएर मिति २०७१ जेठ ४ गते अत्तरिया नगरपालिका बनाइएको थियो भने मिति २०७३ फाल्गुन २८ गते राजपत्रमा प्रकाशित सूचना अनुसार अत्तरिया नगरपालिका र गोदावरी गा.वि.स. मिलाएर गोदावरी नगरपालिका बनाइएको हो। हाल यस नगरपालिकालाई १२ ओटा वडाहरुमा विभाजन गरिएको छ। धार्मिक अस्तित्व बोकेको पबित्र स्थल गोदावरी क्षेत्र हिन्दुहरुको आस्थाको केन्द्र रहेको छ। यस नगरपालिकाको पूर्वमा गौरीगंगा नगरपालिका र,पश्चिममा कष्णपुर नगरपालिका ,उत्तरमा चुरे गाउपालिका र दक्षिणमा धनगढी उपमहानगरपालिका रहेका छन्। यसको भौगोलिक अवस्थिति अक्षांश २८·८१ उत्तर देखि २८·९२ उत्तरसम्म देशान्तर ८०·५५ पुर्व देखि ८०·८८ पुर्वसम्म छ क्षेत्रफल ३०८.६३ वर्ग कि.मि. छ भने हावापानी उष्ण देखि समशितोष्ण रहेको छ।

### (ख)जनसाङ्खिक सरचनाको विश्लेषण

बि.सं. २०७८ को जनगणनाअनुसार यस नगरपालिकाको कुल जनसंख्या ९८७४६ रहेको छ। कुल ४६६९२ पुरुष रहेका छन भने ५२०५४ महिला यहाँ बसोबास गरिरहेका छन्। नगरपालिकामा २१२५० घरधुरी संख्या रहेको छ सुदूरपश्चिम प्रदेशको घोषित राजधानी र सुदूरपश्चिम प्रदेशका सात पहाडी जिल्लाको प्रवेशद्वारसमेत रहेको यो नगरपालिकाको जनसंख्या बढ्दो दरमा रहेको छ।

### (ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

यो नगरपालिका भित्र ब्राह्मण,क्षेत्री,राना,थारु,मगर,दलित र जनजाती आदि जातजातिको वसोवास रहेको छ। सबैभन्दा बढी थारु समुदायको वस्ती रहेको छ। यसैगरी धर्मको आधारमा हेर्दा हिन्दु धर्मको वाहुल्यता रहेको छ। भाषागत रुपमा हेर्दा थारु भाषा बोल्नेको संख्या सबैभन्दा बढी रहेका छन्। यस नगरपालिकामा जात जातिगत,अपाङ्गता तथा क्षेत्रगत आधारमा परम्परादेखि सिर्जित भिन्नताले विभेद तथा वञ्चितिकरणमा परी विकासका अवसरहरुबाट वञ्चित भएका र सुविधा विहिन समुदायका विद्यमान विभेदहरु हटाउन समेत विविधतालाई सम्मान गर्ने दृष्टिकोण सहित शैक्षिक नीति तथा कार्यक्रमहरु आवश्यक हुन्छन्। सबैलाई समावेश गर्ने,क्षमता अभिवृद्धि गर्ने,विभेदरहित वातावरण सृजना गर्ने र आवश्यकता अनुसार थप तथा विशेष प्रवन्ध गरी समता र समावेशिता अभिवृद्धि गर्ने आवश्यकतालाइ योजना निर्माणमा विशेष ध्यान दिनु जरुरी छ।

### (घ) आर्थिक अवस्थाको विश्लेषण

यस नगरपालिकाको मुख्य आम्दानीको रुपमा नदीजन्य बालुवा,गिट्टी,ढुङ्गा आदि हो। सिमित रुपमा उठ्ने घरबहाल कर र सम्पति करको थोरै हिस्साको रुपमा आम्दानी हुने हुदा संघीय र प्रदेश सरकारको आर्थिक सहयोगको अपेक्षा गरिरहनुपर्ने बाध्यता रहेको छ। कोभिड १९ को विश्वव्यापी सङ्क्रमण पछि पनि आर्थिक स्थिति मा धेरै सुधारभएको अबस्था छैन। मुख्य पेशाको रुपमा कृषि रहेको यस नगरपालिकामा नोकरी,व्यापार व्यवसाय, वैदेशिक रोजगारी समेत गरी जीवन निर्वाह गरिरहेका छन्।

### (ङ) शैक्षिक अवस्थाको विश्लेषण

एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा चार बर्षका बालबालिका सहभागि हुन्छन् भने ५–१२ वर्ष उमेर समूहका लागि ८ वर्षको अनिवार्य आधारभूत शिक्षा र १३–१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क

माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व नगरपालिकाको रहेको छ । नेपालको संविधान,पन्ध्रौ योजना,राष्ट्रिय शिक्षा निति २०७६, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सम्वन्धी ऐन २०७५ तथा नियमावली २०७७ आदि जस्ता शिक्षासम्वन्धी संघीय कानुनहरुले हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेका छन् । शिक्षालाई सर्वव्यापी,जीवनोपयोगी,प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका साथै गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता,रचनात्मकता,अध्ययनशीलता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी,सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य शिक्षाका संघीय निति तथा योजनाहरुमा उल्लेख भएको पाइन्छ । यस नगरपालिकामा समेत संविधान र संघीय कानुन बमोजिम सम्पूर्ण बालबालिकाहरुको समावेशीकरण र न्यायपूर्ण ढंगले शिक्षामा पहुँच अभिवृद्धि गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नका लागि नगर शिक्षा ऐन ले समेत महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको अवस्था समेत विद्यमान रहेको छ ।

**तालिका १: यस नगरपालिको तह अनुसार विद्यालयको विवरण**

| सञ्चालित कक्षाहरु अनुसार विद्यालयहरुको विवरण | | | | | | बाल विकास कक्षा | | | | सामुदायिक सिकाइ केन्द्र |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा (१-३) | कक्षा (१-५) | कक्षा (१-८) | कक्षा (१-१०) | कक्षा (१-१२) | जम्मा | ससर्त अनुदान | | न.पा. अनुदान | | |
| | | | | | | विद्यालयमा आधारित | समुदायमा आधारित | विद्यालयमा आधारित | समुदायमा आधारित | |
| ४ | १८ | १२ | १० | १० | ५४ | २२ | ६ | २० | ६ | ५ |

यस नगरपालिकामा १०८ ओटा बालविकास केन्द्र, ५४ वटा सामुदायिक विद्यालय तथा अभिभावकहरुको शुल्क बाट सञ्चालित नाफामूलक ३८ वटा संस्थागत विद्यालय र ५ ओटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन् । यी सबै शिक्षण संस्थाहरु मार्फत यस नगरपालिकामा बसोबास गर्ने बालबालिकाहरुलाई गुणस्तरीय सिकाइको सुनिश्चितता गर्नु अपरिहार्य रहेको छ ।

**तालिका २:यस नगरपालिका अन्तर्गतका वडाहरु अनुसार विद्यालयहरुको विवरण**

| क्र.सं. | वडा नं. | बालविकास कक्षा | | | विद्यालय | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | विद्यालयमा आधारित | समुदायमा आधारित | जम्मा | सामुदायिक | संस्थागत | जम्मा | |
| १ | १ | ४ | ० | ४ | ४ | ८ | १२ | |
| २ | २ | ४ | ० | ४ | ४ | ८ | १२ | |
| ३ | ३ | ४ | ० | ४ | ४ | ३ | ७ | |
| ४ | ४ | १२ | ० | १२ | १२ | २ | १४ | |
| ५ | ५ | ३ | ० | ३ | ३ | २ | ५ | |
| ६ | ६ | ३ | ० | ३ | ३ | ५ | ८ | |
| ७ | ७ | २ | ० | २ | २ | १ | ३ | |
| ८ | ८ | ३ | ० | ३ | ३ | १ | ४ | |
| ९ | ९ | ३ | ० | ३ | ३ | ३ | ६ | |
| १० | १० | ४ | ० | ४ | ४ | ४ | ८ | |
| ११ | ११ | ६ | ० | ६ | ६ | ० | ६ | |
| १२ | १२ | ६ | ० | ६ | ६ | १ | ७ | |
| जम्मा | | ५४ | ० | ५४ | ५४ | ३८ | ९२ | |

**तालिका ३: यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको कक्षागत विवरण**

| कक्षा/ विद्यार्थी | छात्रा | छात्र | जम्मा | कैफीयत |
|---|---|---|---|---|
| बालविकास | ९२७ | ९६६ | १८९३ | |
| कक्षा १-५ | २९०१ | २६२३ | ५५२४ | |
| कक्षा ६-८ | २९१९ | २५०१ | ५४२० | |
| कक्षा ९-१० | १७५५ | १४९८ | ३२५३ | |
| कक्षा ११-१२ | १००३ | ७५७ | १७६० | |
| जम्मा | ९५०५ | ८३४५ | १७८५० | |

**तालिका ४: यस नगरपालिका अन्तर्गतका विद्यालयहरुमा अध्ययनरत अपाङ्गता भएका विद्यार्थी विवरण**

| कक्षाहरु → | बालविकास | | | कक्षा (१-८) | | | कक्षा (९-१२) | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अपाङ्गताको किसिम ↓ | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| शारीरिक | ११ | १३ | २० | १९ | २४ | ४३ | २ | २ | ४ | ६७ |
| बौद्धिक | ० | ० | ० | १ | २ | ३ | ० | १ | १ | ४ |
| सुनाई सम्बन्धी | २ | २ | ४ | ८ | १० | १८ | ० | ० | ० | २२ |
| दृष्टिविहीन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| न्युन दृष्टिविहिन | ० | ० | ० | ५ | ७ | १२ | ० | ० | ० | १२ |
| श्रवण दृष्टिविहिन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | १३ | १५ | २४ | ३३ | ४३ | ७६ | २ | ३ | ५ | १०५ |

**तालिका ५: सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा बालविकास सहजकर्ताको विवरण**

| तह/पद | स्थायी | राहत | नगर शिक्षक | शिक्षण सिकाइ अनुदान | बालविकास सहजकर्ता | जम्मा |
|---|---|---|---|---|---|---|
| बालविकास केन्द्र | ० | ० | ० | ० | १०८ | १०८ |
| आधारभूत (कक्षा १-५) | १२० | ८८ | ५४ | ० | ० | २६२ |
| आधारभूत (कक्षा ६-८) | ३१ | ३२ | ६४ | ७ | ० | १३४ |
| माध्यमिक (कक्षा ९-१०) | १७ | १९ | ३१ | ३२ | ० | ९९ |
| माध्यमिक (कक्षा ११-१२) | ० | १५ | ० | ० | ० | १५ |
| जम्मा | १६८ | १५४ | १४९ | ३९ | १०८ | **६१८** |

## १.२ मुख्य समस्या

संघीयता सहितको नेपालको संविधान र उक्त संविधानको अनुसुचि ८ मा उल्लेखित कार्याधिकार एवम् स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम प्रस्तुत योजना निर्माण र कार्यान्वयनका लागि स्थानीय तहमा अधिकार रहे तापनि शिक्षा क्षेत्रमा रहेका तमाम समस्याहरु यसप्रकार रहेको पाइन्छन्।

- धैरैजसो विद्यालयमा आवश्यकता अनुसार बालमैत्री,लैङ्गिकमैत्री र अपाङ्गमैत्री भौतिक पुर्वाधारको व्यवस्था नहुनु।
- शैक्षणिक सामग्रीहरु,पुस्तकालय,प्रयोगशालालगायत विद्यार्थीहरुको लागि खेलमैदान अभाव हुनु।

- विद्यार्थीहरु विद्यालयमा नियमित उपस्थित नहुनु ।
- उपलब्ध भएका शैक्षिक सामग्रीहरु उचित प्रयोग गरी शिक्षण सिकाई क्रियाकलाप सन्चालन नहुनु ।
- स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्रीहरु निर्माण र प्रयोगमा ध्यान नदिनु ।
- सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या अनुरुप शिक्षक दरबन्दी कम हुनु ।
- कार्यसम्पादनका आधारमा शिक्षकहरुको उपयुक्त मूल्याङ्कन नहुनु ।
- सामुदायिक विद्यालयहरुमा सिकाइ उपलव्धि न्यून हुनु, विद्यार्थी संख्या घट्दै जानु ।
- विद्यालयमा बालमैत्री वातावरणामा शिक्षण सिकाई क्रियाकलाप सन्चालन नहुनु ।
- अभिभावकहरुको सचेतता तथ सक्रियता कम हुनु ।
- दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनसँग जोड्न नसकिनु ।
- अभिभावकले घरमा Reading Corner को ब्यबस्थापन गरी पढाइमा सहयोग गर्ने वातावरण बन्न नसक्नु ।
- तालिममा सिकेका ज्ञान सिप कक्षाकोठामा प्रयोग हुन नसक्नु ।
- व्यवसायिक तथा प्राविधिक शिक्षा बिस्तारमा कठिनाई ।
- अभिभावकको अंग्रेजी मोह वढी हुनु तर अभिभावकको चाहना अनुसार सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यममा शिक्षा दिन जनशक्ति व्यवस्थापनमा कठिनाई ।
- विद्यालय सुधार योजना बनाउदा विद्यालयको वास्तबिक वस्तुस्थितिको विश्लेषण नगरी बनाउनु र बनाएको योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न कठिनाई ।
- विपत्को समयमा शिक्षाको निरन्तरता दिन कठिनाई ।

**शिक्षा क्षेत्रका सम्भावित अवसरहरु**

संघीयता सहितको नेपालको संविधान र उक्त संविधानको अनुसुची ८ मा उल्लेखित कार्याधिकार प्रस्तुत योजना निर्माण र कार्यान्वयनका लागि प्रमुख अवसर हो भने वडा देखि स्थानीय तहसम्म सबैतिर निर्वाचित जनप्रतिनिधिको प्रमुख कार्यक्षेत्रमा शिक्षा पर्नु ठूलो अवसरको रुपमा रहेको छ । शिक्षामा सुधार अहिले नगरे कहिले गर्ने र हामीले नगरे कसले गर्ने भावनाबाट प्रेरित जनप्रतिनिधि पाउनु पनि शिक्षा क्षेत्रको विकासका लागि ठूलो अवसर हो । यस क्रममा यस नगरपालिकाको शिक्षा क्षेत्रमा तमाम चुनौतिका बिच तपसिल बमोजिमका अवसरहरु रहेको पाइन्छ ।

- नेपाल बालअधिकारको पक्ष राष्ट्र हुनु, संविधानले बालवालिकाको अधिकार र शिक्षालाइ बालबालिकाको मौलिक अधिकारका रुपमा स्वीकार गर्नु ।
- संघीय संरचना अनुसार सरकार सञ्चालन हुदै गर्दा स्थानीय तहमा नयाँ शिक्षा योजना निर्माण हुनु ।
- योजना तथा वजेट निर्माणमा स्थानीय तह स्वायत्त हुनु ।
- शिक्षा व्यवस्थापनमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा राष्टिय शिक्षा नीति २०७६ व्यवस्था हुनु ।
- आधारभूत तहमा अनिवार्य तथा निशुल्क र माध्यमिक तहमा निशुल्क शिक्षाको लागि कानुनी र नीतिगत व्यवस्था हुनु ।
- प्राय सबै विद्यालयमा बालकक्षाहरु सञ्चालनमा रहनु ।
- गुणस्तरीय शिक्षाको लागि सबै अभिभावकहरुको उच्च चाहना रहनु ।
- संविधानतः प्रारम्भिक बालविकास देखि माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय सरकारलाई रहनु ।

- शैक्षिक योजना सबैको सहभागितामा निर्माण हुनु।
- शिक्षक सेवा आयोगबाट सक्षम,योग्य शिक्षकहरु सिफारिस हुदै जानु।
- सारक्षता दर,भर्नादर तथा टिकाउदरमा वृद्धि हुनु।
- माध्यमिक तहसम्मको शिक्षामा पहुँच र निरन्तरतामा वृद्धि हुनु।
- विद्यालयहरुको संस्थागत संरचनाहरु सन्तोषजनक रहनु।
- शिक्षकलाइ पेशागत क्षमता विकासको लागि तालिमको व्यवस्था हुनु।
- तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य हुनु।

**संम्भावित अवसरहरुको कार्यान्वनमा आइपर्न सक्ने चुनौती:**

- लैंगिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपांगता, जात/जाति, आदिको विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्ने।
- जनसांख्यिय प्रवृति (विशेषत: जन्म र बसाँई सराई), बनौट र बसोबास साथै भौगोलिक विकटता कारण व्यवहारीक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउने।
- स्थानीय परिवेशका कारण भैरहेको विद्यालय शिक्षक दरवन्दीलाई न्यायोचित व्यवस्थापन गर्ने।
- विद्यालयहरूमा थप आर्थिक व्यस्थापन हुन् नसक्ने हुँदा निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन पूर्णरुपमा गर्ने।
- दक्ष जनशक्तिको अभावका कारण पाठ्यक्रम पाठ्यपुस्तक तथा मुल्यांकंन प्रणालीमा सुधार र शिक्षामा सुचना तथा सञ्चार प्रविधिको प्रयोगमा बृद्धि गर्ने।
- विपतको व्यवस्थापन र त्यस्ता समयमा वैकल्पिक माध्यमबाट सिकाइ अवसर प्रदान गर्ने।
- जनसाँङ्ख्यिक समूहहरूको विविधताका कारण आजीवन सिकाइको पहिचानमा विविधता र समान अवसरहरु सुनिश्चित गर्ने।
- सबै विद्यालयमा तोकिए अनुसारको भौतिक पुर्वाधार निर्माण र हरित विद्यालयको रुपमा विकास गर्न आर्थिक स्रोत संकलन गर्ने।
- जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरु अवलम्वन गर्न सिमित जनशक्ति र स्रोतकोका कारण अपेक्षित उपलव्धि प्राप्त गर्ने ।

# परिच्छेद २:दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

देशमा संघीयता पश्चातको शिक्षा व्यवस्थापनमा संविधानले संघीयताका विभिन्न तहहरुको अधिकार र कार्यक्षेत्र विभाजन गरेपश्चात शिक्षा क्षेत्रमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम(SSDP)को समय सकिएसँगै तीनओटै तहका सरकारहरुले शिक्षा क्षेत्रमा १० वर्षे शिक्षा योजना निर्माण भइरहेको,अहिलेको विश्वको बदलिँदो शैक्षिक परिवेश, नेपालले राष्ट्रिय तथाअन्तर्राष्ट्रिय क्षेत्रमा व्यक्त गरेका प्रतिवद्धताहरु पुरा गर्नका लागि यो योजनाको तयारी गरिएको छ।विभिन्न प्रकोप, महामारीका र विपदका समयमा पनि बालवालिकाहरुको शिक्षालाई निरन्तरत दिनु जरुरी भएकोले यी विषयबस्तुलाई समेटेर योजना निर्माण गर्नु अहिलेको आवश्यकता हो। सन् २०३० सम्ममा सबैका लागि समावेशी तथा समानतामा आधारित गुणस्तरीय शिक्षाका साथै जीवनपर्यन्त सिकाइको सुनिश्चितता गर्ने प्रतिबद्धता जनाउने पक्ष राष्ट्र नेपाल पनि भएकाले सो प्रतिबद्धता पुरा गर्न सहयोग गर्नुका साथसाथै राष्ट्रिय उपलब्धि प्राप्त गर्न समेत यो योजना अद्यावधिकको आवश्यकता परेको हो।

त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ मा स्थानीय तहको काम,कर्तव्य र अधिकार अन्तर्गत (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा सम्वन्धी विद्यालय अनुमति देखि सञ्चालन एवम् नियमनको काम समेत स्थानीय तहहरुको भएकाले सोही वमोजिम विद्यालय तहको शिक्षा व्यवस्थापन र विकासको लागि यस योजनाले सहयोग गर्ने अपेक्षाका साथ यो १० वर्षे योजना अद्यावधिक गर्न लागिएको हो।

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

हाम्रा नीति, ऐन, नियम र अन्य सम्बन्धित दस्तावेजहरुको बारेमा माथि परिचय खण्डमा छलफल गरि सकिएको छ। यस खण्डमा हाम्रो पालिकाको शैक्षिक योजना कार्यान्यनबाट के के प्राप्त गर्ने तथा के के उपलब्धिहरू हासिल गर्ने भन्ने बारेमा प्राविधिक कार्यहरू गरिएको छ। नीति, ऐन, नियम र अन्य सम्बन्धित दस्तावेजहरुमध्ये केहीमा उल्लेख भएका प्रावधानहरुलाई निम्नानुसार प्रस्तुत गरिएका छ।

### २.१.१ संवैधानिक प्रावधानहरु:

धाराः ३१

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।
- अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।
- दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

धारा ५१ राज्यका नीतिहरु: (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिः

- शिक्षालाई वैज्ञानिक, प्राविधिक,व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,
- शिक्षा क्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,

- उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने,
- नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने,
- यसै गरी धारा ३८ को महिलाको हक सम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हक सम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हक सम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हक सम्बन्धी उपधारा २ र ५ मा पनि लक्ष्यित समूहका लागि शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ।

**२.१.२ स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन (शिक्षासम्बन्धी अधिकारः गाउँ/नगरपालिका)**

दफा ११ (२)ज

- प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन,
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन।
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्यांकन र नियमन।
- मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन।
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन।
- गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन।
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन।
- विद्यालयको नामाकरण।
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन।
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण।
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान।
- विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन।
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन।
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन।
- विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन।
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन।
- ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन।
- स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, सम्बर्धन र स्तरीकरण।
- स्थानीय पुस्तकालय  सञ्चालन तथा व्यवस्थापन।
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन।
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय ब्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन।
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास।
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन।

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीयस्तरको विकासका लागि आवधिक,वार्षिक, रणनीतिगत बिषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्नेछ ।
- योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायुपरिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशिकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ।
- योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनु पर्नेछ ।
- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने ।
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने ।
- स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने ।
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने ।
- महिला, बालबालिका तथा पिछडिएका बर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने ।
- दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने ।
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने ।
- योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागिता गर्नुपर्नेछ ।
- अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नु पर्दछ ।

**२.१.३ संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माण सम्बन्धी):**

**आयोजना तर्जुमा र कार्यान्वयनः**

- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्नेछ ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, वजेट व्यवस्था तथा कार्यान्वयनगर्दा संघीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नु पर्नेछ ।
- संघले आयोजनातर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्न सक्नेछ रत्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नु पर्नेछ ।

**२.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ अनुसार रहनु पर्ने विषयहरू**

- दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नु पर्ने व्यवस्थाः स्थानीय तह मार्फत राज्यले चारवर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्मअनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ ।
- चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा प्रदानगर्नु पर्नेछ ।
- दफा१४ अनुसार वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने । आधारभूत तह
- दफा१५ अनुसार अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने । माध्यमिक तह

- दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने ।
- दफा १७ मा प्राविधिक शिक्षा सम्बन्धी व्यवस्था ।
- दफा१८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा ।
- दफा २०माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने ।
- पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रवन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था ।
- साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकता अनुसार क) सामुदायिक सिकाई केन्द्र, ख) आधारभूत प्रौढ शिक्षा, ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम । (नियम ३)
- आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जाननसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुविधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्दछ । (नियम ४)
- माध्यमिक तह सम्मको शिक्षामा शुल्क लिन नहुनेः क) विद्यार्थी भर्ना शुल्क, ख) मासिक पढाईशुल्क, ग) परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम । (नियम ५)
- छात्रवृत्ति तथा विशेष व्यवस्था (ब्रेल पाठ्यपुस्तक, सांकेतिक भाषामा पाठ्य तथा सिकाइसामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुबिधा सहितको बिद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोशाक, शैक्षिक सामग्री, आदि) । (नियम ६)
- जनआन्दोलन, सशस्त्र संधर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तह सम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोशाक तथा स्टेशनरी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्नेछ।

## २.२ दूरदृष्टि

गुणस्तरीय शिक्षा मार्फत सभ्य,समुन्नत,स्वाबलम्बी,जनशक्ति तयार गरी समृद्ध नेपाल,सुखी नेपालीको दीर्घकालीन सोचमा टेवा पु-याउने ।

## २.३ लक्ष्य

अनिवार्य र निःशुल्क शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै दक्ष,प्रतिस्पर्धी,श्रमप्रति प्रतिबद्ध नागरिक तयार गरी नगरपालिकाको साथै देशको आर्थिक सामाजिक विकासमा योगदान गर्न सक्षम नागरिक तयार गर्ने ।

## २.४ उद्देश्य

- बालमैत्री वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
- सबै बालबालिकाहरुको विद्यालयमा पहुँच सुनिश्चित गर्ने ।
- अनिवार्य आधारभूत र माध्यमिक शिक्षालाई निःशुल्क गराउने ।
- औपचारिक शिक्षाको अवसरबाट बञ्चित भएका सबै उमेर समूहका व्यक्तिहरुलाई अनौपचारिक,वैकल्पिक अथवा खुला शिक्षाको माध्यमद्धारा शिक्षाको मूलधारमा ल्याउने ।

- स्थानीय परिवेशसँग बालबालिकालाई परिचित गराइ धार्मिक,सास्कृतिक एवम् परम्परागत कला, ज्ञान, सीपको रुपान्तरण तथा हस्तान्तरणका लागि स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वियन सुनिश्चित गर्ने ।
- दक्ष,स्वाबलम्बी एवम् स्वरोजगार जनशक्ति उत्पादन गर्न प्राविधिक तथा व्यवसायिक शिक्षालाई प्राथमिकता प्रदान गर्ने ।
- योजना अवधि भित्र प्रत्येक वडामा एक नमूना विद्यालय निर्माण गर्ने ।
- विद्यालय र समुदाय बिचको सुमधुर सम्बन्ध बनाउन अभिभावकको संलग्नता र सहभागिता बढाउने ।
- शिक्षकहरुलाई पेशाप्रति प्रतिवद्ध,स्वप्रेरित,प्रोत्साहन गरी दक्षता अभिवृद्धि गर्नको विभिन्न तालिम सञ्चालन गर्ने ।
- विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्ने ।
- विद्यालयको शिक्षासँग सम्बन्धित सबै पक्षहरुको यथार्थपरक विश्लेषण गरी विद्यालय सुधार योजना बनाउन लगाई प्रभावकारी रुपमा कार्यान्वियन गर्ने ।
- सार्वजनिक तथा निजी शैक्षिक संस्थाहरुका असल अभ्यासहरु आदानप्रदान गरी शिक्षा प्रणाली सवलीकरण गर्ने ।
- सम्पूर्ण प्रकारका शैक्षिक संस्थाहरुमा अनुगमन,सुपरिवेक्षण तथा मेन्टोरिङमा जोड दिई  विद्यालयमा सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रत्याभूति गराउने ।
- आपतकालीन र संकटपूर्ण परिस्थितिमा समेत बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने ।
- सामुदायिक विद्यालयलाई हरित विद्यालय बनाउनमा विशेष जोड दिने ।

## २.५ रणनीति तथा कार्यनीति

यस शिक्षा योजनाले नेपालको संविधान,स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र अन्य प्रचलित कानुनहरुको कार्यान्वयन गर्दै नगरबासीहरुलाई गुणस्तरीय र रोजगारमूलक शिक्षा प्रदान गर्न, शिक्षाका लागि तोकिएका उद्देश्यहरु प्राप्तिका लागि शिक्षा क्षेत्रका कार्यक्रमहरु देहायका रणनीति र कार्यनीतिका आधारमा कार्यान्यिवन गरिनेछन् ।

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| सबै बालवालिकाहरुका लागि गुणस्तरीय बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्ने । | संघीय सरकारबाट दिइदै आएको अनुदानलाइ निरन्तरता दिदै नगरपालिकाबाट समेत थप अनुदान दिइनेछ ।<br>प्रारम्भिक बालविकासमा कार्यरत सहजकर्ताहरुका लागि तालिम दिने व्यवस्था गरिनेछ ।<br>निर्धारित मापदण्ड अनुसार वसाइ व्यवस्थापन, खेल सामाग्री,टिभि, बालउद्यान सहित बालमैत्रि कक्षाकोठा न्यवस्थापन गरिनेछ ।<br>दिवा खाजालाइ व्यवस्थित र गुणस्तरीय बनाउन अनुदानमा थप गरिनेछ ।<br>समावेशी सिद्धान्तको आधारमा बालविकासको सहभागिता तथा पहुँचको सुनिश्चितता गरिनेछ । |
| अनिवार्य, नि:शुल्क र गुणस्तरीय आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने । | वडा कार्यालयहरु मार्फत विद्यालयबाहिर रहेका बालबालिकाहरुको संख्या एकिन गराउने ।<br>सम्पूर्ण किसिमका बालवालिकाहरुलाई शिक्षाको अवसर प्रदान गर्न |

| रणनीति | कार्यनीति |
|---|---|
| | प्रत्येक वर्ष भर्ना अभियान सञ्चालन गरिनेछ ।<br>वडा कार्यालयहरुलाइ विद्यार्थी भर्ना गराउन र विद्यालय जान प्रोत्साहन गराउन जिम्मेवार वनाइनेछ ।<br>विद्यालयमा विद्यार्थी टिकाइ राख्न र कक्षा छाड्ने समस्या निराकरण गर्न दिवा खाजा,छात्रवृत्ति लगायता प्रोत्साहनमूलक कार्यक्रम निरन्तरता दिने ।<br>विद्यार्थी संख्या अनुसार शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गरी अपुग शिक्षक नगरपालिकाले नगर शिक्षक नियुक्त गरी विद्यार्थीको पढाइ सुनिश्चित गरिनेछ ।<br>संघीय र प्रदेश सरकारसँग लागत साझेदारी कार्यक्रममार्फत आवश्यकता र प्राथमिकताको आधारमा विद्यालयहरुको भौतिक पूर्वाधार विकास गरिनेछ ।<br>असहाय र अशक्त बालबालिकाहरुका लागि विशेष प्राथमिकता दिई त्यस्ता बालवालिकाहरुलाई आधारभूत देखि माध्यमिक तहसम्म निशुल्क शिक्षादिइनेछ ।<br>शैक्षिक गुणस्तर वृद्धि गर्न पठन सीप विकास तथा गणितिय सीप विकासका क्रियाकलापहरुलाइ विद्यालयमा नियमित गरिनेछ । |
| नि:शुल्क माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार र गुणस्तर बृद्धि गर्ने । | माध्यमिक शिक्षा नि:शुल्क दिइनेछ ।<br>बिषयगत शिक्षणलाइ प्रभावकारी बनाउन विषयगत शिक्षकहरुको समूह बनाइ समयसमयमा अन्तरक्रियाहरु सञ्चालन गरिनेछ । कक्षा अवलोकन,मूल्याङ्कन,पृष्ठपोषण जस्ता कार्यहरुमा यस्ता समूहलाइ सक्रिय वनाइनेछ ।<br>शिक्षा सेवाबाट निवृत्त शिक्षक,कर्मचारी,पेशाबिद् लगायतलाइ निरिक्षण तथा सुपरिवेक्षण कार्यका सदुपयोग गरिनेछ ।<br>विद्यार्थीको कक्षाकार्य,परियोजनाकार्य,मूल्याङ्कन प्रणालीलई व्यवस्थित र सुदृढ गर्दै लगिनेछ।<br>विद्यालयहरुमा सिकाइ कुना,पुस्तकालय,प्रयोगशालाको व्यवस्था गर्न आवश्यक प्रबन्ध गरिनेछ ।<br>हरेक विद्यालयमा पाठ्यक्रम,पाठ्यसामाग्री,स्रोत सामाग्री तथा उचित कक्षाकोठा व्यवस्थापन गरी सिकाइ सुदृढीकरण गरिनेछ ।<br>सामुदायिक तथा संस्थागत विद्यालयका असल अभ्यासहरु आदानप्रदान गरिनेछ ।<br>विद्यालयस्तरीय परीक्षा प्रणालीमा सुधार ल्याईनेछ । |
| पूर्वाधार र प्रविधिको विकास मार्फत सबै तहको शिक्षामा गुणस्तर | एक वडा एक नमुना विद्यालय कार्यक्रम लागु गरिनेछ ।<br>विद्यालयमा आवश्यक भौतिक पूर्वाधार निर्माणको निम्ति संघीय |

| रणनीति | कार्यनीति |
|---|---|
| सुनिश्चित गर्ने । | सकार,प्रदेश सरकारबाट प्राप्त वजेटका साथै नगरपालिकाको कोषबाट समेत वजेट विनियोजन गरिनेछ ।<br>आपतकालिन अवस्थामा समेत शिक्षालाइ निरन्तरता दिन विद्यालयलाइ प्रविधिमैत्री वनाउने,शिक्षकहरुलाइ तालिम प्रदान गर्ने साथै स्रोत सामग्रीहरु विकास गर्ने । |
| संस्थागत विद्यालयको नियमन तथा सेवामूलक संस्थाको रुपमा रुपान्तरण गर्दै लैजाने । | संस्थागत विद्यालयमा कार्यान्वियनमा रहेको पाठ्यक्रम,पाठ्यपुस्तक,भौतिक वातावरण,आर्थिक पक्ष,शिक्षक,कर्मचारी लगायत समग्र पक्षको नियमन गरिनेछ ।<br>नितिगत र कानुनी व्यवस्था मार्फत नाफामूलकबाट सेवामूलक संस्थाको रुपमा रुपान्तरण गर्न प्रोत्साहित गरिनेछ । |
| अनौपचारिक तथा खुला सिकाइ सुनिश्चित गर्ने । | निरक्षर व्यक्तिहरुको तथ्याङ्क संकलन गरिनेछ ।<br>निरक्षर व्यक्तिहरुका लागि आधारभूत साक्षरता र निरन्तर साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।<br>सामुदायिक सिकाइ केन्द्रहरुमार्फत निरन्तर सिकाइ कार्यक्रम निरन्तरता दिइनेछ ।<br>खुला विद्यालयलाइ व्यवस्थित र सुविधा सम्पन्न बनाउन प्रदेश र संघ सरकारसँग सहकार्य गरिनेछ साथै माग र आवश्यकताका आधारमा अन्य विद्यालयलाइसमेत खुला शिक्षा प्रदान गर्न अनुमति दिन सकिनेछ । |
| प्राविधिक र व्यवसायिक सीप विकासको अवसर र पहुँच सुनिश्चित गर्ने । | प्राविधिक र अन्य तालिम प्रदायक निकायसँग समन्वय गरी व्यवसायिक सीपमा स्थानीयको पहुँच वढाइनेछ ।<br>हाल सञ्चालनमा रहेका प्राविधिक विद्यालयहरुलाई प्रदेश तथा संघीय सरकारसँग सहकार्य गर्दै सुविधासम्पन्न वनाउदै लगिनेछ । साथै ती बाहेकका विषयहरु सञ्चालन गर्न चाहने विद्यालयहरुलाइ अनुमति र सिफारिस प्रदान गर्दै प्राविधिक शिक्षामा प्रोत्साहन गरिनेछ ।<br>निश्चित मापदण्डका आधारमा गरिव,जेहेन्दार परिवारका बालवालिकालाइ प्राविधिक शिक्षाको अवसर प्रदान गर्न छात्रवृत्ति प्रदान गरिनेछ । |
| शैक्षिक सुशासन,पारदर्शिता र सेवा प्रवाहमा सुधार ल्याउने । | कानुन बमोजिम विद्यालयहरुको सामाजिक परीक्षण तथा आर्थिक कार्यप्रणाली ब्यबस्थित गरिनेछ ।<br>विद्यालयको बृहत बिकासका लागि विद्यालय सुधार योजना निर्माणको कार्यलाइ आवश्यकता,स्रोतसाधन र समुदायसँग आवद्ध गरिनेछ र कार्यान्वयन योग्य तुल्याइनेछ ।<br>आवश्यकता र कार्यसम्पादन सूचकका आधारमा प्राथमिकिकरण गरी अनुदान,शैक्षिक सुदृढीकरण अनुदान लगायतका अनुदान उपलव्ध गराइनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | विद्यालयका प्र.अ. वि.व्य.स. का पदाधिकारी हरुका लागि व्यवस्थापकीय क्षमता विकास तालिम सञ्चालन गरिनेछ । अभिभावक अन्तरक्रिया तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । |
| विपद जोखिम न्यूनिकरण तथा विद्यालय सुरक्षाका उपाय अपनाउने । | विपद जोखिम न्युनिकरणसम्बन्धि योजना बनाई कार्यान्वयन गरिनेछ विद्यार्थी अभिभावकहरुलाई विपद जोखिम न्युनिकरण र जलवायु परिबर्तन सम्बन्धी  सचेतना कार्यक्रम सन्चालन गरी क्षमता अभिबृद्धि गरिनेछ । विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा स्वीकृत डिजाइन,भवन संहिता र सामाजिक वातावरणीय पर्यावरणीय अनुरुप भएनभएको अनुगमन गरिब वातावरणमैत्री र सुरक्षित भएको सुनिश्चित गरिनेछ । |
| स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन सुनिश्चित गर्ने । | स्थानीय परिवेशसँग बालवालिकालाई परिचित गराइ धार्मिक,सास्कृतिक एवम् परम्परागत कला,ज्ञान,सीपको रुपान्तरण तथा हस्तान्तरणका लागि कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्र बनाएर लागू गराइनेछ । माध्यमिक तहमा ऐच्छिक विषय छनोट गर्दा स्थानीय परिवेश सुहाउदो तथा व्यवसायिक र सीपमूलक विषय पढाइ गर्न प्रोत्साहित गरिनेछ । दक्ष,स्वाबलम्वी एवम् स्वरोजगार जनशक्ति उत्पादन गर्न प्राविधिक तथा व्यवसायिक शिक्षालाई प्राथमिकता प्रदान गर्ने । |
| विद्यालय र समुदाय बिचको समन्वय वढाइ समुदायको सक्रिय सहभागिता र संलग्नता कायम गर्ने । | विद्यालयमा विभेदरहित वातावरण निर्माण गरी बालमैत्री वातावरणमा शिक्षण सिकाई क्रियाकलापसन्चालन गर्ने । विद्यालय शान्तिक्षेत्र घोषणा भइसकेको सन्दर्भमा विद्यालयमा कुनै पनि प्रकारका हस्तक्षेप,अवरोध लगायतका विभिन्न दलहरुका कायक्रमहरु हुन नदिने । |
| शिक्षकहरुको पेशागत सीप एवम् दक्षतामा वृद्धि गर्ने । | विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण गर्ने । पेशाप्रति प्रतिवद्ध,स्वप्रेरित,दक्ष शिक्षकहरुलाइ प्रोत्साहन गर्ने । माग र आवश्यकतामा आधारित छोटो अवधिका पेशागत सीप विकास तालिम मार्फत शिक्षकहरुको दक्षतामा वृद्धि गर्ने । हरेक वर्ष उत्कृष्ट शिक्षकहरुलाइ पुरस्कृत गर्ने व्यवस्था गरिनेछ बिषयगत शिक्षकहरुको समूह बनाइ छलफल, अन्तक्रिया तथा कार्यशालाहरु सञ्चालन गरिनेछन् । |

## २.६अपेक्षित उपलव्धि

- सबै बालबालिकाको विद्यालय शिक्षामा  पहुँच सुनिश्चित भएको हुनेछ।
- माध्यमिक शिक्षा  गुणस्तरीय,जीवनोपयोगी र प्रविधिमैत्री भएको हुनेछ।
- बालमैत्री, लैङ्गीकमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरी सिकाइ वातावरणमा सुधार भएको हुनेछ।
- स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ।
- विषयगत रुपमा र कक्षागत रुपमा शिक्षकहरुको दरवन्दी व्यवस्थापन भएको हुनेछ।
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ।
- अनौपचारिक शिक्षा र आजिवन सिकाइका अवसरहरु सुनिश्चित भएको हुनेछ।
- आपतकालिन अबस्थामा पनि विद्यार्थीहरुको सिक्ने पाउने अधिकारको सुनिश्चित गर्दै वैकल्पिक सिकाइको प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ।

## २.७ स्थानीय तहको शिक्षा योजनामा रहनुपर्ने मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः

यस नगरपालिकाको योजनामा समाबेश गरिएका शैक्षिक उद्देश्यहरू र शिक्षाका विकासात्मक लक्ष्यहरू प्राप्तिका लागि शैक्षिक योजना निर्माणको दौरानमा तय गरिएका उद्देश्यहरूलाई मात्रात्मक लक्ष्यहरू किटान गरी निश्चित समयसारणी साथ प्रतिविम्बित गरिएको छ। अर्को शव्दमा भन्दा राष्ट्रिय शैक्षिक विकासको ढाँचाका आधारमा योजनाले के के हासिल गर्न खोजेको हो भन्ने सरोकार र प्रावधानहरुलाई मूल विषयहरु बनाई आधार वर्षको शैक्षिक अवस्थाको गहन विश्लेषण साथै हाल उपलब्ध स्रोतहरूको प्रारम्भिक मूल्याङ्कनबाट प्राप्त सूचकगत नतिजाहरुको आधारमा भावी लक्ष्यहरू निदान गरिएको छ। लक्ष्य निर्धारण प्रक्रियाले शिक्षा क्षेत्रमा गर्नुपर्ने सुधारहरूको पक्षलाई समग्र विकास ढाँचामा जोड्न योजनाकारहरूको दृष्टिकोणलाई प्रतिविम्बित गर्दछ। शैक्षिक विकासका लक्ष्यहरूको किटान गर्दा बर्तमान अवस्थाको सही विश्लेषण गरी हाल हासिल भइरहेका उपलब्धिहरु र सम्बन्धित बिषय क्षेत्रमा देखिएका समस्या तथा कमजोरीहरू र तिनको प्राथमिकताहरूलाई ध्यान दिनुपर्दछ। योजनाका लक्ष्यहरू मात्रात्मक हुन्छन।

संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सन् २०२२/२३-२०३१-३२ का लागि मुलुकको १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। जसमा उक्त योजनाको कार्यान्वयनबाट मुलुकले के के प्राप्ति गर्ने भनी मुख्यमुख्य कार्यसम्पादन सूचकहरुको विकास र तिनको लक्ष्यहरू निर्धारण गरेको छ। आगामी २ वर्ष, ३ वर्ष र ५ वर्षहरुका लागि तोकिएका ती सुचकगत राष्ट्रिय लक्ष्यहरू सहितको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। यस तालिकामा प्रस्तुत सूचकहरू माथि विश्लेषण गर्न विकास गरिएका र दिगो विकास लक्ष्य ४ को National Indicator Framework (NIF) मा उल्लेखित सूचकहरुबाट मुख्य मुख्य कार्यसम्पादन सूचकहरु तय गरिएकाले पालिका तहको शिक्षा योजनामा पनि यस तालिकामा उल्लेखित सूचकहरू अनिवार्य राख्न पर्दछ। तर यी बाहेक पालिकाले अन्य कुनै बिषय क्षेत्र सँग सम्बन्धित सूचकहरू विकास गरी योजनामा राख्न चाहेको छ भने पनि यस तालिकाको मुनि पट्टी राख्न सकिन्छ।

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याँक को स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | १३६.३ | **१२०.०** | ११०.४ | **१०५.३** | | EMIS |
| | | प्रदेश | ९८.९ | **९९.०** | **९९.५** | १०० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ८६.2 | ८९.५ | ९४.० | ९९.० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ८०.९ | ८४.५ | ९१.१ | ९९.७ | | EMIS |
| | | प्रदेश | ८०.४ | ८५.७ | ९१.७ | ९९.६ | | |
| | | राष्ट्रिय | ७६.७ | ८०.० | ८५.० | ९५.० | | |
| २. **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९६.१ | ९७.८ | ९९.० | १०० | | EMIS |
| | | प्रदेश | ९७.० | ९८.० | ९८.५ | १०० | | |
| | | राष्ट्रिय | ९६.9 | ९७.५ | ९९.० | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १२४.० | ११६.४ | ११०.५ | १०६ | | EMIS |
| | | प्रदेश | ११५.७ | ११०.४ | १०३.२ | १०१ | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.२ | ९७.३ | ९९.६ | १०० | | EMIS |
| | | प्रदेश | ९७.४ | ९८.१ | ९९.१ | १०० | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १३६.३ | १२५.२ | ११५.४ | १०५.४ | | EMIS |
| | | प्रदेश | १२७.३ | १२४.१ | ११४.५ | १०३.२ | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५.० | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०० | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.९ | ९७.४ | ९८.९ | १०० | | EMIS |
| | | प्रदेश | ९५.२ | ९६.६ | ९८.८ | १०० | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | १३५.१ | १२७.३ | ११६.२ | १०७.७ | | EMIS |
| | | प्रदेश | १२२.२ | ११५.५ | ११२.४ | १०८.४ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | ११०.४ | १०६.१ | १०३३.४ | १०० | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | स्थानीय | ७६.२ | ८४.३ | ९०.३ | ९५.० | | EMIS |
| | | | प्रदेश | ७६.० | ८४.१ | ८९.९ | ९५.० | | |
| | | | राष्ट्रिय | ७९.३ | ८५.३ | ९०.४ | ९५.० | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | ९५.० | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | १.०५ | १.०४ | १.०३ | १.०२ | १.०१ | |
| | | | प्रदेश | १.०५ | १.०४ | १.०३ | १.०२ | १.०१ | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | १.०१ | १.०० | १.०० | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | गणित | स्थानीय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका* (%) | आधारभूत(कक्षा १-५) | स्थानीय | ३.६ | ३.० | २.०१ | १.० | ०.० | Palika |
| | | | प्रदेश | ३.२ | २.९ | २.० | १.० | ०.० | |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० | | |
| | | आधारभूत | स्थानीय | ४.०१ | १.०१ | १.०१ | १.०१ | १.०१ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | (कक्षा १-८) | प्रदेश | | ४.५ | १.०१ | १.०१ | १.०१ | १.०१ | |
| | | | राष्ट्रिय | | ६.६ | | १.० | ० | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | | ४१.५ | ४४.२ | ४६.७ | ४८.२ | ५०.० | |
| | | | प्रदेश | | ३७.५ | ४३.७ | ४५.९ | ४७.१ | ५०.० | |
| | | | राष्ट्रिय | | ४३.७ | ४५.० | ५०.० | ५०.० | | |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | | ६०.८ | ६८.५ | ७५.९ | ८३.४ | ९५.० | EMIS |
| | | | प्रदेश | | ५७.२ | ६५.४ | ७४.९ | ८२.८ | ९०.७ | |
| | | | राष्ट्रिय | | ४७.६ | ६४.५ | ७५.० | ८०.९९ | ९५.० | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | | स्थानीय | | ९५.४ | ११०.९ | ११५.७ | १२५.९ | १३०.४ | EMIS |
| | | | प्रदेश | | ७७.९ | ८९.५ | ९२.९ | ११०.५ | ११५.९ | |
| | | | राष्ट्रिय | | ७१.४ | | | ९९.० | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | स्थानीय | | ०.९५ | ०.९६ | ०.९७ | ०.९९ | १.०० | |
| | | | प्रदेश | | ०.९५ | ०.९६ | ०.९७ | ०.९९ | १.०० | |
| | | | राष्ट्रिय | | १.०२ | १.०० | १.०० | १.०० | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | ९७.५ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | २४.० | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | | स्थानीय | | २०.५ | २२.५ | २७.७ | ३१.९ | ३५.५ | |
| | | | प्रदेश | | १६.४ | २०.५ | २५.६ | ३०.९ | ३५.५ | |
| | | | राष्ट्रिय | | २०.६ | २२.० | २७.० | ३३.० | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२)मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | | स्थानीय | विज्ञान | | | | | | |
| | | | | प्रा.व्या. | | | | | | |
| | | | प्रदेश | विज्ञान | | | | | | |
| | | | | प्रा.व्या. | | | | | | |
| | | | राष्ट्रिय | विज्ञान | | | १५.० | | | |
| | | | | प्रा.व्या. | १०.० | १७.० | ३०.० | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलव्धि* (अङ्कमा) | | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | | प्रदेश | | | | | | |
| | | | | राष्ट्रिय | | | | | | |
| | | | गणित | स्थानीय | | | | | | |
| | | | | प्रदेश | | | | | | |
| | | | | राष्ट्रिय | | | | | | |
| | | | विज्ञान | स्थानीय | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| **४** | **जीवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ५८.० | | ९५.० | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ८२.० | ८९.० | ९५.० | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९२.० | | ९९.० | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८० | | |
| **५** | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० | ७५.० | | |
| ५.२ | प्राविधिक तथा व्यवसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| **६** | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थीःशिक्षक अनुपात | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (सामुदायिक विद्यालय) | राष्ट्रिय | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा बिद्यार्थी:शिक्षक अनुपात | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| **७शिक्षामा लगानी** | | | | | | | | |
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ७.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | | |
| ७.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |

# परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

गर्भावस्थादेखि ८ वर्ष सम्मको उमेरलाई प्रारम्भिक बालविकास उमेर भन्ने जनाउँदछ । त्यसैगरी यस उमेर समूहका बालबालिकाहरुको (सर्वाङ्गीण विकास) बौद्धिक, सामाजिक, संवेगात्मक एवम् भाषिक पक्षहरुको समुचित विकास,शिक्षक, सहयोगी कार्यकर्ताहरु, अभिभावक तथा बालबालिकालाई लक्षित गरिएको नीति तथा कार्यहरुलाई प्रारम्भिक बालविकास कार्यक्रम भन्ने जनाउँदछ । प्रारम्भिक बालविकासको मुख्य उद्देश्य गर्भावस्थादेखि ८ वर्ष सम्मका सम्पूर्ण बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि अति आवश्यक तत्वहरु राम्रो स्वास्थ्य, पर्याप्त पोषण, सुरक्षा तथा संरक्षण उत्प्रेरणा तथा सिकाई एवम् संवेदनशील स्याहार उचित पालनपोषणका अवसरहरु प्रदान गर्नु हो ।

बालबालिका आमाको गर्भमा हुर्कदै गर्दा आमाको मानसिक स्वास्थ्य एवम् आहार विहारका कारण पर्न सक्ने प्रभावदेखि बालबालिकासँग गरिने व्यवहारको प्रत्यक्ष प्रभाव बालबिकासमा पर्ने तमाम अध्ययन तथा अनुसन्धानबाट प्रमाणित तथ्य हो । आजका आमाबुवा र शिक्षकहरुको व्यवहारको परिणाम भोलिको समाजले भोग्नु पर्ने यथार्थको माझबाट निर्माण भएका धेरै नीति तथा कार्यक्रमले बालबालिकाको सर्वपक्षीय विकास गर्नु पर्ने अवस्थाको सुनिश्चित गरिनु पर्दछ । मानव मस्तिष्कको लगभग ९० प्रतिशत भाग ३ वर्षको उमेरमा बिकास हुन्छ भने बालबालिकाहरुले जीवनको पहिलो केही वर्षमा खाएको खाना र त्यसवाट प्राप्त गरेको शक्तिको ५० देखि ७५ प्रतिशत हिस्सा मस्तिष्क विकासमा उपयोग हुने कुरा विभिन्न अध्ययनले पुष्टि गरेको पाइन्छ । यति मात्रै नभईकन बालबालिकाको विकास,स्वास्थ्य, शिक्षा र वातावरणमा आज गरेको लगानीले भविष्यमा ठूलो गुणात्मक प्रतिफल दिने र समग्र गोदावरी नगरपालिका नै अग्रगमनको पथमा अगाडि बढ्ने कुरामा कुनै दुविधा छैन ।

### ३.१.१ वर्तमान अवस्था

हाल यस गोदावरी नगरपालिकामा जम्मा ५४ वटा सामुदायिक र ३८ वटा संस्थागत गरी जम्मा ९२ वटा विद्यालयहरु रहेका छन भने १०८ ओटा बालविकास केन्द्र सञ्चालनमा रहेका छन् ।

### ३.१.२ उद्देश्य

- चारवर्ष उमेरका बालबालिकाका लागि आधारभूत शिक्षाको तयारीका निम्ति बालविकास सेवामा पहुँच बढाउने ।
- गर्भदेखि चार वर्ष सम्मको उमेर समूहका बालवालिकालाई पोषण, सुरक्षा र विकासका लागि अभिभावकहरुलाई सहयोग र सचेत गराउने ।
- चार वर्ष उमेर समूहका सबै बालवालिकाहरुलाई १ वर्षको बालविकास शिक्षा कार्यक्रमको माध्यमबाट शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक, नैतिक र सृजनात्मक पक्षको विकास गराई कक्षा १ मा प्रवेशका लागि तयार गराउने ।
- बालविकास केन्द्रमा उपयुक्त शैक्षिक सामग्रीहरु, कक्षाकोठा व्यवस्थापन,  खेल सामाग्री व्यवस्थापन गरी लक्षित समूहका बालवालिकाहरुलाई बालविकास केन्द्रमा ल्याउने।
- बालविकास केन्द्रहरु समानुपातिक रुपमा वितरण गर्ने ।

### ३.१.३ रणनीति

- पोषण र बालअधिकार बारे अभिभावकहरुलाई जानकारी दिने र सुनिश्चितता गर्ने।
- बालविकास केन्द्र विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा विकास गरि सबै बालबालिकाहरुका लागि अनिवार्य भर्ना गरिने छ ।
- प्रारम्भिक बालविकास कक्षाहरुको न्यूनतम मापदण्ड अनुसार व्यवस्थापन, रेखदेख तथा शिक्षाको नक्सांकन र पुनर्वितरण गरिनेछ।
- बालवालिकाहरुको बौद्धिक तथा संवेगात्मक विकासका लागि अभिभावक शिक्षा (सचेतना) कार्यक्रम गरिनेछ।
- बालविकासमा अध्ययनरत बालबालिकाहरुको अभिलेखिकरण गरिनेछ।
- प्रारम्भिक बालविकास केन्द्रमा अध्ययनरत गरिब, अनाथ, असहाय र अपांगता भएका बालवालिकाहरुलाई स्थानीय निकायले संरक्षण गरि समतामुलक शिक्षा प्रदान गरिने छ।
- आजको यो वैज्ञानिक युगमा शिक्षामा प्रविधिको प्रयोग गर्नु पर्ने अवस्थालाई मध्यनजर गरी बालविकास कक्षाहरुका लागि प्रविधिमैत्री कक्षा व्यवस्थापन गरिने छ।
- प्रविधिमैत्री बालविकास कक्षा व्यवस्थापनका लागि बालविकास सहयोगी कार्यकर्ताहरुलाई प्रविधिमूलक तालिमको व्यवस्थापन गरिने छ।
- बालविकास कक्षाहरुका लागि न्युनतम मापदण्ड अनुसारका खेल सामाग्रीहरुको व्यवस्थापन गरी मनोरञ्जनपूर्ण सिकाईको व्यवस्थापन गरिने छ।
- प्रारम्भिक उमेरका बालवालिकाहरुलाई मध्यनजर गरी निजि तथा सामुदायिक क्षेत्रलाई प्रोत्साहित गर्दै बालउद्यानको अवधारण अनुसार व्यवस्थापन गरिने छ।

### ३.१.४ कार्यनीति

- बालबालिकाहरुको पढाइमा अभिभावकहरुलाई संलग्नता बनाइने छ।
- बालविकास केन्द्रहरुको भौतिक विकासको साथसाथै बालविकास सहयोगी कार्यकर्ताहरुको क्षमता विकास गराउनमा जोड दिईने छ।
- तथ्यांक संकलन गरी बालविकास केन्द्रहरुको सुधार तथा प्रर्वद्धन गर्नका लागी लगानी सुनिश्चितता गरिने छ।
- बालविकासमा अध्ययनरत बालवालिकाहरुका लागि स्वस्थ तथा पोषणयुक्त खाजाको व्यवस्थापन गरिनेछ।
- बालविकास केन्द्रमासमय समयमा स्वास्थ्य परिक्षणको व्यवस्था मिलाइने छ।
- बालविकास केन्द्रहरुलाई वसाई व्यवस्थापन, सिकाई सामाग्रीहरु, सन्दर्भ सामाग्रीहरु उपलब्ध गराई बालमैत्री वातावरण निर्माण गरिनेछ
- कक्षा १ मा भर्ना हुने सबै बालबालिकाहरुले बालविकास केन्द्रको अनुभवप्राप्त गरेको सुनिश्चितता गरिने छ।
- बालवाकाहरुलाई रमाइलो सिकाइ वातावरण निर्माण गर्नको लागि बालउद्यानको विकासमा जोड दिइनेछ।

### ३.१.५प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धि**

- सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूले न्यूनतम मापदण्ड पूरा गरेका हुनेछन् ।
- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना सँङ्ख्या | | १८९३ | १९२० | १९५० | १९७० | २००० |
| २ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास र शिक्षा केन्द्र | | १०८ | १०८ | १०८ | १०८ | १०८ |

### ३.१.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप (उदाहरण) | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाकेन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | केन्द्र | ० | १ | ० | ० | ० | १ | २ |
| २ | बाल विकास केन्दको सबलिकरण | केन्द्र | ० | १ | १ | १ | १ | ४ | ९ |
| ३ | शिक्षक/सहयोगी कार्यकर्ताहरुको योग्यता र क्षमता विकास | जना | ० | १ | १ | १ | १ | ४ | ९ |

**तालिका : पहिलो पाँच वर्षको कार्यान्वयन तालिका**

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत(हजारमा) | समय अवधि |
|---|---|---|---|---|---|
| १ | भर्ना अभियान सञ्चालन गर्ने । | बा.वि.के.,विद्यालय, संघसंस्था,सम्बन्धित वडा र नगरपालिका | बैठक,गोष्ठी, प्रचार प्रसार घरदैलो | ५०० | प्रत्येक शैक्षिक सत्रको पहिलो महिना |
| २ | अभिभावक सचेतिकरण सञ्चालन | बा.वि.के.,विद्यालय, संघसंस्था,सम्बन्धित वडा र नगरपालिका | बैठक,गोष्टि, रेडीयो शिक्षाकार्यक्रम अनुगमन सुचकका साथएकलतथा संयुक्त सघन अनुगमननिरीक्षण | ३०० | निरन्तर |
| ३ | व्यवस्थित बालविकास केन्द्र, शिशु स्याहार केन्द्रहरुको सञ्चालनका लागि न्युनतम मापदण्ड पूरा भएनभएको अनुगमनगरी नियमनका लागि आवश्यक कदम बढाउने । | सम्बन्धित वडा र नगरपालिका | बैठक, तालिम, अन्तरक्रिया, छलफल, अवलोकन भ्रमण तथा सहयोग आवश्यकता पहिचान तथा सामाग्री उपलब्ध | ५०० | निरन्तर |
| ४ | बालविकास सहयोगी कार्यकर्ताहरुको क्षमता अभिवृद्धिका लागी प्याकेजमा आधारित तालिम, गोष्टि, सेमिनार सञ्चालन गरी गुणस्तरिय सिकाइ क्रियाकलाप सञ्चाल नगर्ने । | नगरपालिका र संघसंस्था बा.वि.के.,बिद्यालय, संघसंस्था, नजिकको, स्वास्थ्य संस्था, समुदाय, सम्बन्धित वडा र नगरपालिका | नक्सांकनको आधारमा आवश्यकता पहिचान, सीपमुलक तथा रोजगारमुलक छोटो अबधिको तालिम सञ्चालनगर्ने । | ५००० | निरन्तर |
| ५ | स्वास्थ्य परीक्षण शिबिर सञ्चालन तथा सिकाई सामाग्री, अभ्यास पुस्तिका व्यवस्थापनमा सहयोग गर्ने । | सम्बन्धित वडा र नगरपालिका तथा संघ संस्था | आवश्यकता पहिचान र समन्वयतथा सामाग्री वितरण माग संकलनतथा वितरण | १००० | हरेक वर्ष |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत(हजारमा) | समय अवधि |
|---|---|---|---|---|---|
| ६ | समुदायको बस्ती, बालवालिकाहरुको संख्या र बालविकास केन्द्रको दुरीलाई आधार मानी बालविकास केन्द्रको नक्साङ्कन , पुनर्वितरण र समायोजन गर्ने । | नगरपालिका र संघसंस्था | माग संकलन तथा बितरण | ३००० | प्रत्येक वर्षको चैत्र महिना सम्म |
| ७ | आर्थिकरुपमा विपन्न अभिभावकहरुलाई आयमूलक सिप तथा रोजगारको व्यवस्थामिलाउने । | सम्बन्धित वडा र नगरपालिका तथा संघ संस्था | आवश्यकता पहिचान, सीपमुलक तथा रोजगारमुलक छोटो अवधिको तालिम सञ्चालनगर्ने । | ५४००० | प्रत्येक शैक्षिक सत्रको पहिलो महिना |
| ८ | सबै बालविकास केन्द्रहरुमा स्वच्छ खानेपानी, शौचालय, सिकाई सामाग्रीलगायत राष्ट्रिय न्युनतम मापदण्डमा उल्लेखित सुविधा उपलब्ध गराउने व्यवस्था मिलाउने । | सम्बन्धित वडा र नगरपालिका तथा संघ संस्था | आवश्यकता पहिचान गरी निर्माणका लागी सहयोग उपलब्ध गराउने । | ५०० | प्रत्येक आ.ब.को दोस्रो चौमासिक |
| ९ | अपांगता भएका बालवालिकाहरुका लागि सहयोगी सामाग्री (सेतो छडी, इयर डिभाइस, ह्विलचियर आदी) को व्यवस्थागर्ने । | सम्बन्धित वडा र नगरपालिका तथा संघ संस्था | आवश्यकता पहिचान गरीसहयोग उपलब्ध गराउने । | ३००० | प्रत्येक शैक्षिक सत्रको शुरुमा |
| १० | दिवा खाजाको तयारीका लागी भान्छे, भान्छा व्यवस्थापन तथा भाडाकुँडा खरिद | सम्बन्धित वडा र नगरपालिका तथा संघ संस्था | माग संकलन तथा बितरण | ३००० | प्रत्येक शैक्षिक सत्रको शुरुमा |
| ११ | बालविकास केन्द्रमा आयाको व्यवस्थापन | नगरपालिका | नक्सांकनको आधारमा आवश्यकता पहिचान,सहयोग प्रदान | ५००० | प्रत्येक वर्ष क्रमश |

## ३.२ आधारभूत शिक्षा

मानव जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान सीप आर्जन गर्ने गरी घर परिवार तथा समुदायमा आफ्ना विचारहरु अभिव्यक्त गर्न र समाजमा घुलमिल तथा आफूलाई सामाजिक परिवेशमा समायोजन गरी सामाजिकीकरणमा सहज बनाउने प्रारम्भिक बालविकास देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा भनिन्छ। नेपालको संविधान २०७२ को धारा ३१ मा र शिक्षा ऐन, २०२८ ले समेत आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुनेछ भन्ने व्यवस्था मौलिक हक अन्तर्गत राखिएको छ । हाल आधारभूत शिक्षालाई मौलिक अधिकारको रुपमा स्थापित गरिएको छ। शिक्षामा सबैको पहुँचका लागि राजनैतिक प्रतिबद्धताको कमी रहेको र गरिएका प्रतिबद्धताहरु पनि कार्यान्वयनमा आएको देखिदैंन। एकातर्फ निर्दिष्ठ सिकाइलाई मात्र स्तरीयता मान्ने र अर्कोतर्फ कागजी काम कारवाही लाई मात्र आफ्नो जिम्मेवारी र दायित्व सम्झने स्थिति देखिएकोले विद्यमान अवस्थामा व्यवहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, संस्कार र संस्कृतिप्रति लगाव, नैतिक आचरण र जिम्मेवारी, मौलिक रुपमा विज्ञान उपयोग गर्न सक्ने गुणस्तरीय आधारभूत शिक्षा प्रदान गर्ने उद्देश्यमा केन्द्रित रही यस खण्डमा आधारभूत शिक्षाको कक्षा १ देखि ८ सम्म आगामी १० वर्ष भित्रका विभिन्न क्रियाकलापहरु यस योजनामा समावेश गरिएको छ । गोदावरी नगरपालिका प्रत्येक नागरिकलाई आधारभूत तहको व्यवहारीक शिक्षाका लागि सीप दक्षता अभिवृद्धि गर्दै गतिशिल तथा सभ्य नागरिक तयार गर्नमा विशेष जोड दिएको छ।

### ३.२.१ वर्तमान अवस्था

गोदावरी नगरपालिका भित्र शैक्षिक सत्र २०८१ सम्ममा कक्षा १-३ सम्मका ४ वटा, कक्षा १-५ सम्मका १८ वटा, कक्षा १-८ सम्मका १२ वटा, कक्षा १-१० सम्मका १० वटा र कक्षा १-१२ सम्मका १० गरी जम्मा ५४ सामुदायिक विद्यालयहरु गोदावरी नगरपालिका भित्र रहेका छन् भने शैक्षिक सत्र २०८१ मा जम्मा १७८५०विद्यार्थीहरू सामुदायिक विद्यालयहरूमा अध्ययनरत रहेका छन । गोदावरी नगरपालिकाको वर्तमान अवस्था केलाएर हेर्दा आधारभूत तह कक्षा १-८ को खुद भर्ना दर ९५.९ प्रतिशत, कुल भर्ना दर १०६.५ प्रतिशत रहेको छ । प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाहरू ७९.६ प्रतिशत रहेको छ। विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनका साथै दिवा खाजा कार्यक्रमलाई सिकाई तथा विद्यार्थीको स्वास्थ्यसँग प्रभावकारी ढङ्गले जोड्नुपर्ने आवश्यकता देखिन्छ। आधारभूत तहमा विद्यालय छोड्ने र दोहो-याउने दरलाई कम गर्नका लागि नगरपालिका भित्र विभिन्न खालका शैक्षिक कार्यक्रमहरू संचालन गर्न अति जरुरी देखिन्छ। राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले पनि कक्षा १ देखि ३ का विद्यार्थीहरुको पठन सीपमा सहयोग पनि गर्दै आईरहेको छ। अधारभुत तहको पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरुको पेशागत क्षमता अभिवृद्धि गर्नका लागि तालिम गोष्ठी र सेमिनारहरू पनि संन्चालन गर्न अति आवश्यक देखिन्छ । शिक्षण सिकाइविधि सुधारका लागि सम्पूर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्न पनि सान्दर्भिक छ। हाल गोदावरी नगरपालिका भित्र आधारभूत तहमा जम्मा मध्ये ५३.४ प्रतिशत बालबालिकाहरु संस्थागत विद्यालयहरुमा अध्ययनरत छन र ५६.६ प्रतिशत बालबालिकाहरू सामुदायिक विद्यालयहरुमा अध्ययनरत छन। जहाँ संस्थागत विद्यालयहरूमा अभिभावकहरूको लगानी रहेको देखिन्छ भने सामुदायिक विद्यालयहरूमा सरकारी तबरबाट आवश्यक सेवा सुबिधा विद्यालयहरूलाई दिइएको छ।

### ३.२.२ उद्देश्य

गोदावरी नगरपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना (ESP) ले आधारभूत शिक्षा सम्बन्धी निम्न लिखित उद्देश्य राखेको छः

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने।
- आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई आधारभूत तहको शिक्षा पूरा गर्ने अधिकार सुनिश्चित गर्ने।
- आधारभूत शिक्षा पुरा गरेका सबै बालबालिकाहरुमा न्युनतम सिकाई उपलब्धी हासिल गरी व्यवहारिक जीवनसंग मेल खाने किसिमका आवश्यक ज्ञान सीप र दक्षतामा सक्षम बनाउने।

### ३.२.३ रणनीति तथा कार्यनीतिहरू

आधारभूत शिक्षा सम्बन्धी उद्देश्य हासिल गर्न देहाए बमोजिमका रणनीति तथा कार्यनीतीहरू अवलम्बन गरिनेछ।

- विद्यालय छोड्ने, कक्षा दोहो-याउने दर घटाउने तथा खूद भर्ना दर तह पूरा गर्ने दरमा वृद्धि गर्न यस्ता बालबालिकाको अवस्था पहिचान गरी लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने।
- सामुदायिक विद्यालयमा नेपाल सरकाबाट प्राप्त दरबन्दीको पुनर्वितरण गरी अपुग रहेका विद्यालयहरु विद्यार्थी संख्या र विषयगत आधारमा दरबन्दी थप गर्न नेपाल सरकार समक्ष पहल गर्ने र सो कार्य पुरा नहुन्जेल सम्मका लागि नगरपालिकाले सक्षम र प्रतिस्पर्धाका आधारमा निजी शिक्षक छनोट तथा परिचालन गर्ने।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास र अभिभावक अभिमुखिकरण गर्ने।
- विद्यालयमा सरसफाइ, दिवाखाजा भण्डार तथा तयारी लगायतका कार्यक्रमहरु अनुगमन गरी उत्कृष्टलाई पुरस्कार तथा कमजोरलाई सुधार गर्न प्रेरित गर्ने।
- आधारभूत तह उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई औपचारिक शिक्षा भित्र सहभागी गराउन वैकल्पिक शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गर्ने।
- विद्यालयहरूमा प्रविधिमैत्रि, सुरक्षित र बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरी सबै बालवालिकाका लागि सिकाइमैत्री वातावरण विकास गर्ने।
- प्रत्येक बालबालिकालाई आत्म सम्मानपूर्वक सिक्ने वातावरण निर्माण गर्न सम्बन्धित विद्यालयका शिक्षक र विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाउने।
- कक्षा १ -३ सम्मका बालबालिकाको पढाइ सीपको विकास गर्न विभिन्न सघन कार्यक्रम अभियानका रूपमा सञ्चालन गर्ने।
- आधारभूत तहमा न्युनतम सिकाई उपलब्धी हासिल गराउन आवधिक रुपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाईका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणालीको विकास गर्ने।
- शिक्षकहरुलाई शिक्षण विधि र प्रविधिमा अद्यावधिक गर्न क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने।

### ३.२.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

- सबै बालवालिकाहरुलाई गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको अवसर सुनिश्चित भएको हुनेछ।
- आधारभूत तहकोकुल तथा खुद भर्नादर शतप्रतिशत पुगेको हुनेछ।
- आधारभूत तहको बालबालिकाको भर्ना अनुपात समदरमा पुगेको हुनेछ।
- कक्षा ८ को टिकाउदर १०० र सिकाइ उपलब्धि १०० पुगेको हुनेछ।
- कक्षा १ मा खुद भर्ना दर शत प्रतिशत पुगेको हुनेछ।

**नतिजाहरु**

- आधारभूत तहमा अपुग शिक्षक व्यवस्थापनको लागि नगरपालिकाले दक्ष, सक्षम, योग्यता पुगेका व्यक्तिहरुबाट प्रतिस्पर्धाका आधारमा नगर शिक्षक छनौट गरेको हुने।
- विद्यालय सम्बद्ध पदाधिकारी तथा अन्य सरोकारवाला सँग आधारभूत शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन हुने।
- आधारभूत तह उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई औपचारिक शिक्षा भित्र सहभागी गराउन वैकल्पिक शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गरिएको हुने।
- विद्यालयहरूमा सुरक्षित र बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरिएको हुने।
- कक्षा १-३ सम्मका बालबालिकाको पढाइ सीपको विकास गर्न विभिन्न सघन तथा प्रतिस्पर्धात्मक कार्यक्रमहरु सञ्चालन भएका हुने।
- आधारभूत तहमा शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने गरी कार्यसम्पादन करार (TOR) कार्यान्वयन भएको हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रस | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको सँख्या | | १०१ | ८० | ४० | २० | ० |
| २ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको सँख्या | | ५५२४/२१० | ५५४०/२६२ | ५५६० | ५५८५ | ५६०० |
| ३ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सँख्या | | १९ | ३ | ३ | ३ | २ |

### ३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथासमायोजन | पटक | | १ | ० | ० | ० | १ | २ | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | | | १ | १ | १ | १ | ४ | ९ | |

## ३.३ माध्यमिक शिक्षा

### परिचय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भए पश्चात आधारभुत तह देखि माध्यमिक तह सम्मका कार्यक्रमहरु स्थानीय तह मार्फत कार्यान्वयन भइरहेको सन्दर्भमा अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाहरुले कक्षा ८ सम्म गुणस्तरीय शिक्षा प्राप्त गरे पछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्यमिक तहमा साधारण र प्राविधिक धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ ।यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनु पर्दछ । आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमता अनुसार विद्यार्थीले साधारण शिक्षाको लाइनलिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सिप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ। यिनै कुराहरूलाई ध्यानमा राखेर गोदावरी नगरपालिकाले माध्यमिक तहको शिक्षालाई निशुल्क प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिइएको छ।

### ३.३.१ वर्तमानअवस्था

गोदावरी नगरपालिका भित्र हाल कक्षा १—१० मा १० र १—१२ मा १० सञ्चालित माध्यमिक विद्यालयहरु छन् । गोदावरी नगरपालिका शैक्षिक सत्र २०८१ सम्मको जम्मा ५४ वटा सामुदायिक विद्यालयहरु सञ्चालनमा रहेका छन् । विशेष गरी सामुदायिक विद्यालयहरु ग्रामिण क्षेत्रमा रहेका छन । विभिन्न जातजाति समुदायमा चेतनाको स्तर बढदै जाँदा शिक्षातर्फ आकर्षक बढेको छ।

माध्यमिक शिक्षा  विद्यार्थीहरुलाई सिपमुलक शिक्षा दिइ रोजगारमुलक हुनु पर्दछ । विद्यालयमा सिकेका सिप,क्षमता र दक्षताले भोलिको भबिष्य उज्वल हुने कुरा सर्वविदित छ ।  शिक्षाले मानव जीवनमा आमूल परिवर्तन ल्याउछ।

### ३.३.२ उद्देश्य

- आधारभूत तहको शिक्षा हासिल गरेका विद्यार्थीहरूलाई सीपमूलक, प्रविधियुक्त र गुणस्तरीय माध्यमिक शिक्षाको अवसर प्रदान गर्ने।
- माध्यमिक शिक्षालाई समावेशी, बालमैत्री र निःशुल्क बनाउने।
- माध्यामिक शिक्षाको शिक्षण विधिलाई व्यवहारिक, अनुसन्धानात्मक, सिकाइमैत्री तथा दण्ड र भयरहित वातावरणद्वारा गुणस्तरीय शिक्षा प्रदान गर्दै प्रर्तिस्पर्धी तथा उच्च शिक्षा हासिल गर्न योग्य बनाउने।

### ३.३.३ रणनीति

- आधारभूत तह पूरा गरेका बालबालिकालाई निःशुल्क माध्यमिक शिक्षाको व्यवस्था गर्ने।
- हरेक तहको अन्तिम परीक्षामा उत्कृष्ट गर्ने विद्यार्थीहरुलाई पुरुस्कारको व्यवस्था गरिनेछ।
- विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय भित्र ल्याउन एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयको भौतिक पूर्वाधार सवल, दक्ष विषयगत शिक्षक, पर्याप्त शैक्षिक सामग्री सहितका विद्यालयहरू बनाइनेछ।
- अपाङ्गतार समावेशी शिक्षा दिने विद्यालयहरूको संख्यमा वृद्धि गरिनेछ।
- विद्यालयको सिकाइ उपलब्धिको विकास तथा व्यवस्थापनका लागि सम्पूर्ण सरोकारवालाहरूको अपनत्व वृद्धि गराई सहयोग लिन सकिनेछ।
- शिक्षण प्रणालीलाई व्यावहारिक तथा सृजनात्मक एवं अनुसन्धानात्मक विधिको विकास गरिने छ। भर्ना अभियान कार्यक्रम सञ्चालन आवश्यकता र माग बमोजिम भौतिक पूर्वाधार व्यवस्थापन, विषयगत शिक्षक व्यवस्थापन, विशेष कक्षा सञ्चालनको लागि समन्वय, सम्पर्क गरी स्थापना, सरोकारवालाहरूसँग समन्वय, सहकार्य तथा अन्तरक्रिया छलफल गर्ने, माध्यमिक शिक्षालाई सिकाइ वातावरण निर्माण गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने।
- कक्षाकोठाको सिकाइलाई बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री बनाइनेछ।
- सिकाइ उपलब्धि बृद्धि गर्नका लागि निर्देशनयुक्त शिक्षक डायरी प्रकाशन, वितरण तथा कार्यान्वयनमा ल्याइनेछ।
- विद्यालयको स्वमूल्याङ्कन एवं अन्य माध्यमबाट वर्गीकरण गरी शैक्षिक लगानी गरिनेछ।
- सिकाइ मूल्याङ्कन, मौजुदा शिक्षक विद्यार्थी संख्याको आधारमा विषयगत दरबन्दी मिलान गरिनेछ।
- बालबालिका माथि हुन सक्ने शारीरिक तथा मानसिक हिंसालाई पूर्णरूपमा अनुकूल सिकाइका लागि लक्षित समूहलाई शैक्षिक सामग्री वितरण, सूचना सङ्कलन, शिक्षक डायरी छपाइ तथा वितरण, विद्यालयको भौतिक, शैक्षिक अवस्थाको आधारमा वर्गीकरण तथा लगानी गर्ने, दरबन्दी मिलान गर्ने, सुझाव पेटिका स्थापना तथा प्रभावकारी कार्यान्वयन गर्ने।
- सुरक्षित सिकाइ वातावरण निर्माण गरिनेछ । विद्यालयमा सुशासन कायम गरी अभिभावकहरूको सहभागिता बढाउने।
- छात्रामैत्री, बालमैत्री, अभिभावक मैत्री सुशासन कायम भएको विद्यालयहरूलाई नमूना घोषणा गरिनेछ।
- विद्यालय श्वेतपत्रको माध्यमबाट विद्यालयको यथार्थ चित्रण गरिनेछ।
- अनुगमन, सुपरिवेक्षण, शिक्षक सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याई गुणस्तरीय अभिवृद्धि गरिनेछ।
- बालमैत्री विद्यालयका लागि बालसमूह गठन, क्षमता अभिवृद्धि र जिम्मेवारी सहित परिचालन गरी बाल सुशासन कायम गरिनेछ।
- प्रत्येक माध्यमिक विद्यालयमा इ-पुस्तकालय, विज्ञान प्रयोगशाला, पुस्तकालय तथा कम्प्युटर ल्याबको अनिवार्य व्यवस्था गरिनेछ।
- गरिवी, विपन्न र विविध समस्याका कारणले माध्यमिक शिक्षा अध्ययन गर्न नसक्ने अवस्थाका बालबालिकाहरुका लागि आर्थिक सहयोग तथा आवास सहितको व्यवस्था गराईनेछ।

- माध्यमिक शिक्षामा पहुँच नभएका बालबालिकाहरूको पहिचान गरी आवश्यकतामा आधारित लक्षित कार्यक्रम सञ्चालन गराईने छ र सरोकारवाला निकायहरूमा चेतनाको विकास गरी पहुँच विस्तार गराइनेछ ।
- छात्रवृत्ति, शैक्षिक सामग्री लगायतका कार्यक्रमहरू थप प्रभावकारी ढङ्गले कार्यान्वयन गराइनेछ ।
- सम्पूर्ण बालबालिकाहरूलाई सुरक्षित विद्यालय वातावरण निर्माण गर्न प्राकृतिक प्रकोप पूर्व सजकता,उद्दार तथा पुनस्थापनाको व्यवस्था गरिनेछ ।
- विद्यालयमा ई–हाजिरीको व्यवस्थापन गरी समयलाई चुस्त दुरुस्त बनाइनेछ।
- सामाजिक परीक्षणलाई व्यापक बनाई विद्यालयलाई चुस्त तथा पारदर्शी बनाइनेछ। विद्यालयको मानक बनाई नमूना विद्यालय घोषणा गरिनेछ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ।
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ।

**नतिजा**

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सँख्या | | ३२५३ | ३२७० | ३२८५ | ३३०० | ३३१५ |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सँख्या | | १७६० | १७७० | १७८० | १७९० | १८०० |
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सँख्या | | | | | | |
| ४ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका माध्यमिक विद्यालय सँख्या | | ६ | ८ | १० | १० | २० |

३.३.५ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | | | १ | ० | ० | ० | १ | २ | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | | | १ | १ | १ | १ | ४ | ९ | |
| ३ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | | | १ | १ | १ | १ | ४ | ९ | |
| ४ | शिक्षक क्षमता विकास | | | १ | १ | १ | १ | ४ | ९ | |

## तालिका : क्रियाकलाप

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत(हजारमा) | समय अवधि |
|---|---|---|---|---|---|
| १. | भर्ना अभियान कार्यक्रम सञ्चालन। | वडा कार्यालय तथा नगरपालिका | सर्वे तथा फिल्ड भ्रमण, आवयश्यकता पहिचान, कार्यक्रम प्याकेज निर्माण, लक्षित वर्गलाई शैक्षिक सामग्रीको व्यवस्थान एवं कार्यान्वयन | १५०० | आर्थिक वर्षको सुरुआतमा |
| २ | भौतिक पूर्वाधार व्यवस्थापन | वडा कार्यालय नगरपालिका | | १०००० | शैक्षिक सत्रको सुरुवातमा |
| ३ | विषयगत शिक्षक र सामग्रीहरूको व्यवस्थापन | नगरपालिका | विद्यार्थी संख्याको आधारमा बिषयगत शिक्षकको व्यवस्थापनगर्ने। | ६००० | नियमित |
| ४ | विशेष कक्षा सञ्चालन | वडा तथा नगरपालिका | सर्वे,स्थान पहिचान,सहजकर्ता तालिमतथा सञ्चालन | १५०० | |
| ५ | सरोकारवालाहरू सँग समन्वय सहकार्य तथा अन्तरक्रिया | नगरपालिका | सरोकारवालाहरूलाई समन्वयतथा सम्पर्क गरी शिक्षाको विषयमा छलफल गर्ने | १००० | वर्षमा ३ पटक |
| ६. | शिक्षक डायरी छपाइ तथावितरण | नगरपालिका | विद्यालय सूचना सङ्कलन, डायरी छपाइ तथा वितरण | ५०० | शैक्षिक सत्रको शुरुमा |
| ७ | विद्यालयको भौतिक, शैक्षिक अवस्थाको | वडा तथानगरपालिका | मानक निर्माण सर्वे, अबस्था विश्लेषण तथा बर्गीकरण | १५०० | शैक्षिक सत्र सुरुहुनु अघि |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत(हजारमा) | समय अवधि |
|---|---|---|---|---|---|
| | आधारमा बर्गिकरण तथालगानी | | | | |
| ८ | दरबन्दी मिलान र पुर्नवितरण | नगरपालिका | विद्यालयको दरबन्दी संख्या र विद्यार्थी संख्याको आधारमा मिलान गर्ने | १०० | शैक्षिक सत्र सुरु हुनु भन्दा एक महिना अगाडि |
| ९ | सुझाव पेटिका स्थापना तथा प्रभावकारी कार्यान्वयन | विद्यालय तथा नगरपालिका | विद्यालयमा सबै विद्यार्थीहरूको पहुँमा सुझाव पेटिका राख्ने र १५/१५ दिनमा सुझाव पेटिका हेर्ने र सो अनुसार आवश्यक कारवाही गर्ने | ५०० | नियमित |
| १० | अवलोकन भ्रमण | नगरपालिका | सहभागी छनौट तथा भ्रमण | १००० | पहिलो चौमासिक |
| ११ | विद्यालयको मानक बनाई नमूना विद्यालय घोषणा | विद्यालय तथा नगरपालिका | मानक निर्धारण, विश्लेषण | १००० | पहिलो चौमासिक |
| १२ | विद्यालयले श्वेतपत्र तयार गरी जारी गर्ने। | विद्यालय, शिक्षक, वडा र नगरपालिका | विद्यालयमा छलफल श्वेतपत्र तयारी तथा जारी | | शैक्षिक सत्रको सुरुमा |
| १३ | गुणस्तर अभिवृद्धिका लागि अनुगमन | नगरपालिका | चेक चिल्ट तयारी, सम्पर्क तथा समन्वय गरी अनुगमन | १५० | नियमित |
| १४ | बाल समूह गठन, क्षमता विकास र परिचालन | विद्यालय तथा नगरपालिका | अभिमुखीकरण, बालसमूह गठन तथा क्षमता विकास | १५० | निरन्तर |
| १५ | शैक्षिक सुशासनका लागि छलफल तथा अन्तरक्रिया | नगरपालिका र वडा | समन्वय, सम्पर्क तथाअन्तरक्रिया | ३०० | निरन्तर |
| १६ | शिक्षकलाई अभिमुखीकरण, आचारसंहिता | विद्यालय, वडा, नगरपालिका र संघसंस्था | शिक्षक, विद्यार्थी र बालबालिका बीच समूहमा छलफल तथा निर्माण | २५० | नयाँ शैक्षिक वर्ष सुरु हुनु पुर्व |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत(हजारमा) | समय अवधि |
|---|---|---|---|---|---|
| | निर्माण तथा कार्यान्वयन | | | | |
| १७ | सामाजिक परीक्षण | वडा, नगरपालिका विद्यालय | सूचकाङ्क तयार,समन्वय तथा सूचना प्रचार, कार्यान्वयन | ३०० | भदौ मसान्त |
| १८ | ई–हाजिरीको व्यवस्थापन | वडा, नगरपालिका विद्यालय | खरिद तथा अभिमुखीकरण र कार्यान्वयन | ५०० | नयाँ शैक्षिकवर्ष सुरु हुनु पुर्व |
| १९ | उत्कृष्ट विद्यार्थीलाइ पुरुस्कार प्रदान | वडा, नगरपालिका विद्यालय | विद्यालय सूचना सङ्कलन,कार्यक्रम आयोजना गरी वितरण | १०० | दोस्रो चौमासिक |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### परिचय

प्राविधिक तथा व्यावसायिक शिक्षा भन्नाले ज्ञान, सिप, दक्षता र तालिम मार्फत आय आर्जन गर्न सिकाउने शिक्षा हो । यो शिक्षाले व्यक्तिलाई आत्मनिर्भर, स्वाबलम्बी बनाउनुका साथै बोलि खाने भन्दा गरी खाने बनाउँदछ । यस अन्तर्गगत गोदावरी नगरपालिका कृषि, पशुपालन, उद्योग, व्यापार, व्यवसाय आदि सबै क्षेत्रमा अगाडि बढेको छ । अधिकांश मानिसहरु कृषिलाई आफ्नो मूख्य पेसा बनाई धान, गह, तोरी, फलफुल तथा अन्य मौसमी तथा बेमौसमी तरकारी खेती गरेर स्थानीय बजारका साथै अत्तरिया बजार क्षेत्रमा बिक्री वितरण गर्ने गर्दछन् । त्यसैगरी पशुपालन गरेर दुध, मासु उत्पादन गरेता पनि आधुनिक तरिकाले फर्महरु सञ्चालन गर्न प्राविधिक ज्ञानको अभावले अग्रसर हुन सकेका छैनन् । प्राविधिक तथा व्यावसायिक शिक्षाले व्यक्ति, घर–परिवार, समाज, समुदाय र राष्ट्र निर्माणको विकासमा टेवा पु-याउनुका साथै दक्ष र सिपयुक्त जनशक्ती उत्पादन गरी स्थानीय स्तरका साथै मुलुकको उन्नती प्रगती गर्न यस्तो शिक्षाले अहम भूमिका निर्वाह गर्दछ ।

शिक्षा क्षेत्रमा आएको आधुनिक चिन्तनका साथै वैज्ञानिक प्रविधिको विकासले गर्दा मानिसका आवश्यकता दिनानु दिन बढ्दै गएको छ । यस्ता असीमित आवश्यकता पूरा गर्न सैद्धान्तिक ज्ञानले मात्रै मानिसलाई योग्य बन्न गाहे हुने भएकोले शिक्षा क्षेत्रमा प्राविधिक तथा व्यावसायिक शिक्षाको अत्यन्तै आवश्यकता खड्किएको छ । कृषि, उद्योग, व्यावसाय आदि विभिन्न क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग गरी योग्य र दक्ष जनशक्ति उत्पादन गर्नु प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास हुनु अत्यन्तै जरुरी छ । यो शिक्षाले मानिसको रुचि क्षमताका आधारमा आवश्यक ज्ञान, सिप प्रदान गरेर आय–आर्जन गर्न सिकाउने भएकोले सुखद जीवन यापन गर्नका लागि सहयोग पु-याउँदछ । त्यसैले प्राविधिक तथा व्यावसायिक शिक्षालाई ‘जीवनोपयोगी शिक्षा भन्न सकिन्छ ।

व्यावसायिक शिक्षा मार्फत व्यक्तिको व्यक्तित्व विकास हुनुका साथै घर परिवार, समाज र देशको नै उन्नती प्रगती हुने, आय स्रोतको वृद्धि विकास हुने भएकोले यो शिक्षाको आवश्यकता छ । साथै यस्तो प्राविधिक शिक्षाले स्वरोजगार, स्थानीय सिपलाई प्रवर्धन गरी आत्मनिर्भर जनशक्ति उत्पादन गरी स्थानीय स्तरका साथै मुलुकमा

प्राविधिक जनशक्ति व्यवस्थापनमा अहम् भूमिका खेल्दछ । व्यावसायिक शिक्षाले तालिम सिप सिकाएर दक्ष जनशक्ती तयार पार्ने भएकोले आर्थिक भार व्यहोर्नु पर्ने यसको प्रमुख चुनौतीको रुपमा देखा पर्दछ ।

### ३.४.१ वर्तमान अवस्था

प्राविधिक तथा व्यावसायिक शिक्षामा सबैको पहुँच पु-याउने उद्देश्यका साथ आफ्ना आंगिक शिक्षालय, सामुदायिक विद्यालयमा एनेक्स कार्यक्रम मार्फत ज्ञान, सिप र छोटो तथा मध्यम खालका तालिम प्रदान गरेर आय आर्जन गर्ने माध्यम यो शिक्षाले प्रदान गरेको पाइन्छ । गोदावरी न.पा.को हकमा हालसम्म ३ वटा सामुदायिक विद्यालयमा मात्र प्राविधिक तथा सिपमूलक शिक्षा संचालन भैरहेका छन् । जसमा दुर्गालक्ष्मी मा.वि. अत्तरियामा कक्षा ९ देखि १२ सम्म कम्प्युटर, सरस्वती मा.वि. ओलानीमा प्रि–डिप्लोमा १८ महिने कृषि जे.टी.ए. र ग्वासी मा.वि. मालाखेतीमा प्रि–डिप्लोमा सिभिल इन्जिनियरिङ्ग–१८ महिने कार्यक्रम संचालनमा रहेका छन् । यसलाई विस्तार गरी गोन.पा.का प्रत्येक वडामा अलग–अलग प्राविधिक शिक्षाका विद्यालय संचालनमा ल्याउनु अपरिहार्य छ । जसले गर्दा यस क्षेत्रका बासिन्दाले प्राविधिक शिक्षाको ज्ञान हासिल गरी आत्मनिर्भर, स्वरोजगार भई आर्थिक विपन्नतालाई हटाउन मद्धत पु-याउने देखिन्छ । उत्पादनशील जनशक्तिलाई आवश्यकता अनुसारका व्यावसायिक तथा पेसागत क्षेत्रहरुमा प्रयाप्त दक्षता हासिल हुने गरी सिपमूलक शिक्षा र तालिम उपलब्ध गराइ जनताको आर्थिक स्तरमा सुधार ल्याउने लक्ष्य रहेको छ ।

### ३.४.२ उद्देश्य

- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि गर्नु ।
- गोदावरी न.पा. क्षेत्रको विकासका लागि आवश्यक पर्ने जनशक्ति उत्पादन गर्नुका साथै समग्र देश विकासमा विशेष भूमिका निर्वाह गर्ने दक्ष जनशक्ति उत्पादन गर्नु ।
- विद्यार्थीलाई विश्व बजारमा उपलब्ध वृत्ति विकासका खोजी गर्न मद्दत गर्नु ।
- श्रमप्रति सम्मान गर्ने स्वरोजगार उन्मुख जनशक्ती उत्पादन गरी यस न.पा.मा रहेको व्याप्त गरिबी र बेरोजगारी कम गर्नु ।

### ३.४.३ रणनीति तथा कार्यनीति

- विद्यार्थीहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ पहुँच विस्तार गर्न छात्रवृत्रि प्रदान गर्नुका साथै भौतिक पूर्वाधार विकास, शिक्षक व्यवस्थापन गरी सधारण शिक्षा जस्तै निःशुल्क बनाइनेछ ।
- नगरपालिकाको प्रत्येक वडामा सम्भाव्यता अध्ययन गरी फरक फरक धारको प्राविधिक तथा व्यवसायिक शिक्षा दिने शिक्षालय स्थापना गर्न विशेष जोड दिइनेछ।
- योग्य, दक्ष र तालिम प्राप्त जनशक्तीलाई प्रशिक्षकमा नियुक्ती गर्नुका साथै कार्यरतलाई आवश्यकता र मागका आधारमा पेशागत सिप , विकास, तालिम प्रदान गरिनेछ ।
- छोटो अवधिको स्वरोजगारमूलक तालिम संचालन गर्न विभिन्न सरकारी तथा गैर–सरकारी संघ संस्थाहरु संग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
- प्राविधिक तथा व्यवसायिक शिक्षा आर्जन गरेका युवाहरुलाई स्वरोजगार गर्ने सुरुवाती चरणमा आर्थिक सहयोग गरी समय समयमा माग र आवश्यकताको आधारमा व्यावसायिक तालिम उपलब्ध गराइनेछ ।
- सामुहिक उत्पादन प्रणालीलाई प्रोत्साहन गरी उत्पादित वस्तु तथा सेवाको बिक्रि वितरणका लागि बजारको खोजी गर्न आवश्यक सहयोग गरिनेछ ।
- महिला, जनजाती, दलित, अपांगता भएका नागरिक, आर्थिक रुपमा विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्य क्रमको व्यवस्था गरिनेछ ।

- नवीनतम खोज प्रविधिलाई प्रोत्साहन गरिनेछ।
- स्थानीय स्तरका परम्परागत सिपको खोज, प्रमाणीकरण तथा उपयोग कार्य क्रमलाई अगाडी बढाइनेछ।

**३.४.४ प्रमुख क्रियाकलाप**

- सामुदायिक विद्यालयहरुलाई प्राविधिक धार तर्फ उन्मूख गराइनेछ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा संचालन गरेका विद्यालयहरुको भौतिक पूर्वाधार विकास गरिनेछ।
- यस न.पा. क्षेत्र भित्र बहुप्राविधिक शिक्षालय स्थापना, संचालन र अनुगमन गरिनेछ।
- यस क्षेत्रका मानिसहरुलाई शैक्षिक संस्था मार्फत छोटो अवधिका सिपमूलक तालिम सञ्चालन गराईनेछ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाहरुमा शिक्षकको व्यवस्था गरिनेछ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्न जनशक्तिलाई छात्रवृत्ति प्रदान गरिनेछ।
- यस न.पा.ले प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका आवश्यक नीति नियम वनाउनेछ।
- नयाँ–नयाँ सिप विकासका लागि खोज तथा नवप्रवर्तनात्मक कार्यलाई प्रोत्साहन गराइनेछ।
- यस क्षेत्र भित्रका परम्परागत सिपहरुको पहिचान प्रमाणीकरण तथा प्रवर्धन कार्यक्रमलाई अगाडी बढाउनेछ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा प्राप्त गरेका जनशक्तिलाई उद्यमशीलताका लागि सहयोग गर्नेछ।
- यस गोदावरी नगरपालिका भित्रका आर्थिक रुपमा पिछडिएका, प्रतिभाबान तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुख जाति, जनजाती, महिला बिद्यार्थीका लागी उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था गर्नेछ।

**३.४.५ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

प्राविधिक तथा व्यावसायिक शिक्षावाट उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका ज्ञान, सिपका क्षेत्रहरुमा प्रयाप्त दक्षता हासिल गरि उत्पादनशील, रोजगारी, स्व–रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिकस्तर सुधार गर्न सहयोग पुग्नेछ।

**नतिजा**

यस न.पा.मा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक क्षेत्रहरुमा प्रयाप्त अवसर प्राप्त गर्नेछन्।

- एनेक्स कार्यक्रम मार्फत प्रत्येक सामुदायिक विद्यालयमा प्राविधिकधार उपलब्ध गराउने प्रावधान गरे अनुसार यस न.पा.मा पनि उक्त कार्यक्रम संचालन गरिनेछ।
- प्राविधिक व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा संचालित संस्थाहरुवाट संचालन हुने कार्यक्रमको गुणस्तरमा बृद्धि गरिनेछ।
- यस न.पा.मा रहेका परम्परागत सिपहरुको पहिचान, प्रमाणीकरण तथा संरक्षण गरिनेछ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरुलाई उत्पादन र आर्थिक आय स्रोत बढाउन सहयोग पुर्‍याउनेछ।
- वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी गरी, प्रमाणिकरण तथा उपयोग हुने वातावरणको सृजना प्रदान गरिनेछ।

- खोज,नवप्रवर्तन तथा उद्यमशीलतामा अभिबृद्धि गराइनेछ।
- उत्पादनशील, रोजगारी, स्व–रोजगारी र जीविकोपार्जनका अवसरमा बृद्धि गरिनेछ।
- यस न.पा.ले प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्वजनिक, निजी तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि गराई दक्ष जनशक्ति उत्पादन गर्नेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सख्या | | १ | १ | ० | ० | ० |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम भर्ना भएका विद्यार्थी सँख्या | | | | | | |
| | | | | | | | |

**३.४.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना हुन चाहने विद्यार्थीको तथ्याङ्क सङ्कलन तथा खन्डीकृत डाटाबेस तयारी | | | १ | १ | १ | १ | ४ | ९ | |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सन्चालन | | | १ | १ | १ | १ | ४ | ९ | |
| ३ | विद्यार्थीका लागि छात्रबर्त्तीको अवसर | | | १ | १ | १ | १ | ४ | ९ | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१वर्तमान अवस्था

नेपालको संविधानले प्रत्येक नागरीकलाई राज्यबाट आधारभूत तहसम्म शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । औपचारिक शिक्षामा पहुँच नपुगेका बालबालिका तथा प्रौढहरूलाई शिक्षामा पहुँच विस्तार गर्न, जीविकोपार्जनमा सहयोग पु-याउन र संसारसँग आवद्ध गर्न प्रचलनमा ल्याइएका पछिल्ला अवधारणाहरु हुन निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक, निरन्तर, खुला एवं जीवयपर्यन्त शिक्षाले काम गर्दछ। संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अवलम्बन गरेको सिद्धान्त, दिगो विकास लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासंगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । कानुनमा व्यवस्था भए बमोजिम आधारभूत शिक्षा प्राप्त नगरेको ब्यक्ति नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेको कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्ने नपाउने व्यवस्था भएसँगै निरन्तर शिक्षा खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाको भूमिका अझै महत्वपूर्ण रहेको देखिन्छ।

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक सिकाइको व्यवस्थापन अन्तर्गत संरचना, लगानी, अपनत्व जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित तथ्याङ्क, २०७६ अनुसार हालसम्म राष्ट्रिय युवा साक्षरता १५-२४ वर्ष ९२ प्रतिशत र राष्ट्रिय प्रौढ साक्षरता१५+ वर्षको ५८ प्रतिशत रहेको छ। त्यसैगरी विगतमा निरक्षरहरुलाई साक्षर गराउन उल्लेखनिय भूमिका खेल्ने सामुदायिक सिकाइ केन्द्रको संख्या ५ रहेका छन र १ वटा खुला विद्यालय रहेको छ । जसमा नि.मा.वि. तथा मा.वि तहमा शिक्षाको पहुँच भन्दा बाहिर रहेका विद्यार्थीहरू २०६६ साल देखि हाल सम्म अध्ययनरत छन । २०८१ को विवरण अनुसार नि.मा.वि. तहमा १३ जना र मा.वि. तहमा ९२ जना गरी जम्मा १०५ जना विद्यार्थीहरू सहभागी रहेका छन । स्थानीय तहमा रहेको शिक्षा शाखाको कार्यविवरण सम्बन्धी विषय समावेश भएपनि यस बिषयले प्राथमिकता पाएको देखिदैन । यसरी हेर्दा शिक्षा क्षेत्र एउटा सिङ्गै पाटोको रूपमा रहेको अनौपचारिक शिक्षा तथा आजिवन सिकाइले न व्यक्तिगत रुपमा न त संस्थागत रुपमा र प्रणालीगत रूपमा नै क्षमता विकास गर्ने विषयले महत्व पाएको देखिन्छ । उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा निरन्तर शिक्षा, खुला सिकाई, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा क्षेत्रमा निम्न चुनौतीहरु पहिचान गरिएका छन ।

- साक्षर व्यक्तिहरुलाई निरन्तर शिक्षाको कार्यक्रम दिन नसक्नु ।
- साक्षरता कार्यक्रममा सहभागि भएका व्यक्तिहरूले सिकेका ज्ञान र सिपलाई रोजगारसँग जोड्न नसकिनु ।
- अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षा संचालन गर्ने संस्था र संयन्त्रको प्रयाप्त विकास नहुनु ।
- साक्षर भएकाहरू सीपको प्रयोग र अभ्यास नहुँदा पुन: निरक्षर हुनुपरेको ।
- शैक्षिक सत्र पूरा नगरी बिचैमा छोड्ने र नियमित नहुने बालबालिकाको संख्या समेत बढिरहेको ।
- महिला, पछाडि परेका वर्गलाई लक्षित गरी जीवनोपयोगी सीप, लघु ऋण, अनुदान ररोजगारीको अवसर दिने जस्ता कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन नगरिएको ।

### ३.५.२ उद्देश्य

यस योजनाले निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा सम्बन्धी निम्नलिखित विशिष्ट उद्धेश्यहरु राखेको छः

- निरक्षर व्यक्तिहरूलाई साक्षर बनाउनु ।
- सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि गरी केन्द्रलाई  विद्यालय तहको शिक्षा प्रभावकारी बनाउने सहयोगी संस्थाको रुपमा विकास गर्नु ।
- सामुदायिक सिकाइ केन्द्रलाई शैक्षिक सूचना केन्द्रको रूपमा विकास गर्नु ।
- निरन्तर शिक्षा,जीवनपर्यन्त शिक्षा, खुला शिक्षा, आयमूलक तथा सिपमूलक जस्ता कार्यक्रम सञ्चालन गरी व्यक्तिका दैनिक जिवनसंग सम्बन्धित आवश्यकताहरुको परिपूर्ति गर्नमा सहयोग गर्नु ।
- विभिन्न कारणले विद्यालय बाहिररहेका र बिचैमा विद्यालय छोड्ने बालबालिकाहरुलाई वैकल्पिक कक्षा मार्फत सिकाइ गरी साधारण विद्यालयको प्रवाहमा समाहित गर्नु ।

### ३.५.३ रणनीति

निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा सम्बन्धी उद्देश्य हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछनः

- निरक्षर  व्यक्तिहरूलाई साक्षर हुने   अवसर प्रदान गर्ने ।
- नगरपालिकाले प्रचलित ऐन कानूनमा आधारित भएर सामुदायिक सिकाइ केन्द्र सञ्चालन सम्बन्धी निर्देशिका तयार गर्ने।
- सिकाइ केन्द्रको पदाधिकारीलाई सार्वजनिक शिक्षा केन्द्रसञ्चालन गर्नका लागि क्षमता अभिवृद्धि गर्ने ।
- प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्रको स्थापना गर्ने।
- अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षा संचालन गर्ने संघ संस्था बिच समन्वय समूह बनाई परिचालन गर्ने ।
- निरन्तर, जीवनपर्यन्त र खुला शिक्षाको कार्यक्रम आयोजना गर्ने ।
- स्थानीय परिवेश र आवश्यकताअनुसारआयआर्जनको कार्यक्रम सञ्चालन गर्ने ।
- सिप सिकेकाहरुलाई काम गर्न आर्थिक स्रोत जुटाउने कार्यक्रम सञ्चालन गर्ने ।
- सबैलाई कक्षा ८ सम्मको आधारभूत शिक्षाको अवसर प्रदान गर्ने ।
- विचमा विद्यालय छोड्ने दरमा न्यूनीकरण गर्ने ।
- महिला तथा पिछडिएका लक्षित समूहका प्रौढहरूलाई जीवनपयोगी सीपको विकास गरी सिकाइमा निरन्तर सहयोग पुरयाउने ।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धी**

- १५ वर्ष भन्दा माथिको साक्षरता १०० प्रतिशत पुगेको हुनेछ ।
- ५ वर्ष भन्दा माथिको साक्षरता १०० प्रतिशत पुगेको हुनेछ ।
- १५ देखि २४ वर्षकोसाक्षरता १०० प्रतिशत पुगेको हुनेछ ।
- विद्यार्थीहरुको विचमा विद्यालय छोड्ने दर ० प्रतिशत पुगेको हुनेछ ।

- आवश्यकता अनुसार सामुदायिक सिकाइ केन्द्रको विस्तार भएको हुनेछ।

**नतिजा**

- सबै नागरिकहरुलाई साक्षरता, निरन्तर शिक्षा खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त शिक्षा र सिकाईको अवसर प्राप्त हुने।
- सामुदायिक सिकाई केन्द्रको संस्थागत संयन्त्र एवं सञ्चालन मापदण्ड तयार भई एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइ केन्द्रको रूपमा विकास हुने।
- निरन्तर, खुला, अनौपचारिक जीवनपर्यन्त शिक्षा र सिकाइबाट सीपमुलक जनशक्ति उत्पादन हुने।
- विद्यालयमा नियमित  उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध हुने।

**नतिजा र परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सीप  (१५ वर्ष भन्दा माथि) * (%) | | ९५ | ९६ | ९७ | ९८ | ९९ |
| २ | भाषिक तथा गणितीय साक्षरता सीप (१५वर्ष भन्दा माथिका महिला)(%) | | ९३ | ९४ | ९५ | ९६ | ९७ |
| ३ | आधारभूत सुबिधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको संख्या | | ५ | १ | ० | ० | १ |
| ४ | सामुदायिक पुस्तकालयको संख्या | | १ | ० | ० | ० | १ |
| ५ | | | | | | | |

**३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | निरक्षरहरूको तथ्याङ्क संकलन तथा खण्डिकृत डाटावेस तयारी | पटक | | १ | १ | १ | १ | ४ | ९ | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | | १ | १ | १ | १ | ४ | ९ | |
| ३ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | | | १ | १ | १ | १ | ४ | ९ | |

# परिच्छेद ४ : अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू

विभिन्न अन्तरसम्बधित विषय तथा क्षेत्रले विद्यालय शिक्षाको योजनामा अपेक्षित परिणाम हासिल गर्न सक्षम बनाउने कारकका रुपमा काम गरेका हुन्छन् । शिक्षा योजनामा शिक्षक व्यवस्थापन तथा पेशागत विकास समता तथा समावेशीकरण स्वास्थ्य पोषण तथा दिवा खाजा आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा शिक्षामा सुचना तथा सञ्चार प्रविधि विद्यालय भैतिक विकास जस्ता अन्तरसम्बन्धित विषय महत्वपूर्ण हुन्छन् । शिक्षासंग सम्बन्धित अन्तरसम्बन्धित बिषयको समग्रमा विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसंग तिनीहरुको अन्तरसम्बन्धका बारेमा थप स्पष्टता आवश्यकता देखिन्छ ।

## ४.१ पाठ्यक्रम,पाठ्यपुस्तक,सिकाइ सामग्री र मूल्याङ्कन

पाठ्यक्रम सिकाइको योजना हो । शिक्षाको राष्ट्रिय,तहगत तथा कक्षागत उद्देश्यहरू परिपूर्ति गर्नका लागि सबैभन्दा महत्वपूर्ण साधन पाठ्यक्रम हो । पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्न पाठ्यक्रमका आधारमा तयार पारिने सामग्री पाठ्यसामग्री हो । समय सापेक्ष रूपमा पाठ्यक्रम परिमार्जन हुँदै जान्छ र परिवर्तित पाठ्यक्रम कार्यन्वयनका लागि आवश्यक साधन तथा स्रोतको परिचालन गरी उल्लेख्य रूपमा कार्यन्वयनमा जोड दिइने छ । हाल कक्षा १–३ मा लागू भएको एकीकृत पाठ्यक्रम अनुसार स्थानीय पाठ्यक्रम निर्माण भईसकेकाले यसलाई कार्यन्वयनमा ल्याइने छ । नगरपालिकाको आवश्यकताको विषयहरू समेटेर स्थानीय पाठ्यसामग्री तयार गरी कार्यन्वयनममा ल्याइने छ । शिक्षकहरूका लागि पाठ्यक्रम परिमार्जन समयमा आवश्यक प्रबोधीकरण तालिम सञ्चालन गरी पाठ्यक्रमकको आधारमा शिक्षण गराउने परिपाटीको विकास गराइने छ ।

### ४.१.१ वर्तमान अवस्था

### ४.१.२ उद्देश्य

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु ।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वियन गर्नु ।
- निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वियन गर्नु ।

### ४.१.३ रणनीति

- राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६अनुरुप पाठ्यक्रम कार्यान्वयन गर्ने ।
- पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएकापाठ्यक्रम तथा पाठ्य सामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रवोधीकरण गर्ने ।
- पाठ्यक्रम कार्यान्वियनका लागि शिक्षकहरुको पेसागत क्षमता अभिवृद्धि गर्ने ।
- विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइसामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने ।
- माध्यम भाषाका रूपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषाप्रयोग गर्ने ।
- विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने ।
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने ।

- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने ।
- स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने ।
- स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुहरुलाई प्राथमिकताका साथ समावेश गर्ने ।
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकास सँग आवद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने ।
- निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा प्रयोग गर्ने ।

### ४.१.४ प्रमुख क्रियाकलाप

**अतिरित्त क्रियाकलाप**

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पुरा गर्न अतिरिक्त क्रियाकलाप र सहकार्यकलापको महत्वपूर्ण भूमिका रहेको हुन्छ । पाठ्यक्रमले राखेका अपेक्षा एकोहोरो शिक्षण पद्दतिले पुरा गर्न नसक्ने भएकाले रुचिपूर्ण र विद्यार्थीको सक्रिय सहभागितामा उनीहरूमा ज्ञान,सिप र अभिवृद्धिको विकास गर्न अतिरिक्त क्रियाकलापमा जोड दिनु उपयुक्त हुन्छ । यस नगरपालिकाले अतिरिक्त/सहकार्यकलापका लागि देहाय बमोजिमका रणनीतिहरू तय गरेको छः

- प्रत्येक विद्यालयमा हरेक शुक्रबार अतिरिक्त/सहकार्यकलाप अनिवार्यरूपमा वर्ष भरी प्रयोगमा ल्याइने छ ।
- नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थीहरु बिच पालिकास्तरीय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप प्रतियोगिताहरू सञ्चालनमा ल्याइने छ ।
- प्रत्येक विद्यालयमा खेल तथा योगाशिक्षकको व्यवस्था गरी भत्ताको व्यवस्थागराईने छ र समय समयमा तालिम प्रशिक्षणको व्यवस्था गराइने छ ।
- अतिरिक्त क्रियाकलापमा अब्बल विद्यालय र विद्यार्थीका लागि नगरपालिकाले थप प्रगतिको अवसर र प्रोत्साहनको व्यवस्था गराइने छ ।
- प्रत्येक वडाहरूमा खेलमैदानको व्यवस्था गरी प्रयोगमा ल्याइने छ।
- सहक्रियाकलापका लागि शिक्षकहरूलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरिने छ ।
- नगरपालिकाले सहक्रियाकलाप सम्बन्धमा सिकाइ सामग्री उत्पादन गरी विद्यालयलाई उपलब्ध गरिनेछ ।

**परम्परागत मौलिक बिषय**

समयको गतिसँगै पाठ्यक्रम, पाठ्यपुस्तक र विषयवस्तुमा नवीनता ल्याउनु पर्दछ । लामो समय देखि उही विषय र उही पाठ्यवस्तु शिक्षण गर्दा समयसापेक्ष जनशक्ति उत्पादनमा बाधा पर्ने हुन्छ । यसै कुरालाई आधार बनाएर नेपाल सरकारले समयसमयमा पाठ्यक्रम परिमार्जन र परिवर्तन गर्दै आएको छ । परम्परागत विषयका रूपमा धर्म, संस्कृति सम्वद्ध विषयहरु रहेका पाइन्छन् भने मौलिक विषयहरूमा प्राथमिक तहमा स्थानीय पाठ्यक्रम सम्बद्ध र माथिल्ला कक्षामा पेशा, व्यवसाय तथा प्रविधि शिक्षा,नैतिक शिक्षा,कम्प्युटर शिक्षा आदिको व्यवस्था गरिदैँ आएको छ । शिक्षा योजनामा परम्परागत बिषयको जगेर्ना गर्दै देहाय बमोजिमका मौलिक विषयहरू समावेश गराईने छ छन्।

- स्थानीय कला संस्कृति सम्बद्ध विषयहरू
- खेलकुद र व्यक्तित्व विकास सम्वद्ध विषयहरू

**पूर्वीय दर्शन र शिक्षा .**

नेपाल पूर्वीय दर्शनलाई जोड दिने मुलुक हो । पूर्वीय दर्शनमा ईश्वरीय शक्तिमा विश्वास राख्दै आदर्शवान,चरित्रवान नागरिक विकासको अपेक्षा राखिएको हुन्छ । अहिंसा, सदाचारी, स्वावलम्बी नागरिक विकास गर्नु शिक्षाको उद्देश्य हुन्छ । यसले चरित्र निर्माणलाई जोड दिएको हुन्छ । यस योजनाले पूर्वीय दर्शनलाई देहाय बमोजिमका उपायहरू अपनाएर शिक्षा दिने रणनीति तय गरेको छ :

- विद्यार्थीको चरित्र निर्माणमा जोड दिइ उनीहरुलाई आध्यात्मिक संसारसंग परिचित गराउने ।
- स्वधर्म, स्वदेश र मातृभूमिको मोह जगाउन प्रारम्भिक बाल शिक्षा देखि नै शिक्षा दिइ चरित्र निर्माणमा जोड दिइने ।
- माता, पिता र गरुप्रति सम्मान भाव ब्यक्त गर्दै आफ्नो धर्म संस्कृतिको जगेर्नामा तत्पर गराउने ।
- पूर्बिय दर्शनका धार्मिक गुरुमा रहेको ज्ञान,सिप, चातुर्य गुणको विकास गराउन प्रयोगात्मक र परियोजनामूलक कार्यहरू सञ्चालन गराइने छ ।

**मातृभाषा**

हाम्रो नगरपालिका बहुभाषिक समुदायले भरिएको नगरपालिका हो । यस नगरपालिकामा थारु लगायत बसाइसराइका कारण डोटेली, अछामी, मगर खाम बोल्ने मानिसहरु रहेकाछन् । बालबालिकाहरूलाई तल्लो कक्षाहरूमा उनीहरूको घरपरिवारमा प्रयोगमा आएको भाषाका माध्यमबाट सिकाउँदा भाषिक क्षमता विकास हुँदै जाने र उपल्ला कक्षाहरूमा सिकाइ सहजीकरणमा लक्ष्य भाषाको प्रयोग गर्दा पनि समस्या हुँदैन । त्यसैले गोदावरी नगरपालिकाले मातृभाषाको सम्बन्धमा देहायका कार्यनीतिहरु तय गरेकोछ ।

- प्रारम्भिक बाल विकास शिक्षामा मातृभाषाको मात्र प्रयोग गर्ने र स्थानिय भाषा,कला संस्कृति, रहनसहन सम्वद्ध विषयमा आधारित भएर बालबालिकाहरूको भाषिक क्षमता विकासमा जोड दिइने ।
- आधारभूत तह (कक्षा १–३) मा मातृभाषाको पाठ्यक्रम तथा पठ्यपुस्तक तयार गरी मातृभाषाको जगेर्ना र भाषिक सिप विकासमा सहयोग पु-याइने ।

**स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री**

बालबालिकाहरूमा आफ्नो स्थानीय तहमा प्रचलनमा रहेको भाषा, कला, संस्कृति, रीतिरिवाज परम्परा, मूल्य मान्यताहरूको केही न केही ज्ञान आफू बसेको समाज र समुदायबाट सिकेका हुन्छन् । आफू आफ्नो कला संस्कृतिको जगेर्ना गर्न नसकेकको खण्डमा क्रमिक रूपमा तिनीहरूको लोप हुने कुरा पनि निश्चित छ । विदेशी संस्कृतिको हालिमुहाली हुने तथा स्वदेशी र स्थानीय संस्कृतिको लोप हुने क्रम बढेसँगै सम्पूर्ण नेपालीमा अपनत्वको भावना विकास गराउन स्थानिय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास हुँदै आएको छ । जो प्राथमिक तहमा अनिवार्य विषयका रूपमा स्थानीय विषय समावेश गरिएको छ ।

पाठ्यक्रम विकास केन्द्रले जारी गरेको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार स्थानीय तहको पाठ्यक्रमको अंश निर्माण गरी कार्यान्वयन गर्नु पर्ने हुन्छ ।स्थानिय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकासका लागि स्रोत साधन र जनशक्तिको अधिकतम उपयोग गरी यथाशीघ्र विकास गराइने र क्रमशः कक्षा ८ सम्म निर्माण गरी लागु गर्ने रणनिति अख्तियार गरी यस नगरपालिकाको सबै वर्ग, जाति,समुदाय तथा सांस्कृतिक मूल्य मान्यताहरूलाई आत्मासाथ गरी पाठ्यक्रम विकास गरिने छ ।

### ४.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ।
- निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागू गरेका विद्यालय सँख्या | | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सँख्या | | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | | ० | ० | ० | ० | ० |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सँख्या | | १२ | १२ | १२ | १० | ८ |

**४.१.६ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनको लागी शिक्षक तालिम सञ्चालन | | | १ | १ | १ | १ | ४ | ९ | |
| २ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | | | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | |
| ३ | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | | | १ | ० | ० | ० | १ | २ | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### परिचय

शिक्षक ज्ञान,सिप,सभ्यता र संस्कारले भरिएका व्यक्तित्व हुन । शिक्षकहरुलाई जति खुसी र कार्यप्रति आकर्षित गर्न सक्यो उति नै देशको शिक्षा प्रणालीले काचुली फेर्न सक्छ । शिक्षकहरूको सेवा, शर्त, सुविधा र वृत्ति विकासको बाटो अझै सशक्त र व्यवहारिक बनाई अगाडि बढ्नु सान्दर्भिक देखिन्छ । विद्यालयहरूमा शिक्षकको दरबन्दी मिलान, दन्द्व, तनाव व्यवस्थापन, समय व्यवस्थापन जस्ता पक्षमा ध्यान दिई विद्यालयको सर्वपक्षीय विकास गर्न शिक्षक व्यवस्थापन  र विकासमा जोड दिनु अत्यावश्यक छ ।

### ४.२.१ वर्तमान अवस्था

यस गोदावरी नगरपालिकामा शिक्षकहरुको वर्तमान अवस्था निम्नानुसार रहेकोछः

गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रुपमा दक्ष, पेशाप्रति उत्प्रेरित, श्रमप्रति प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित तर्फ नगरपालिका अग्रसर भएको छ  । यस नगरपालिकाले नगर शिक्षक समेतको व्यवस्थापन गरी शिक्षक व्यवस्थापन गरेको छ । शिक्षकको पेशागत विकासका लागि थप प्रयास गर्न आवश्यक रहेको छ ।

### ४.२.२उद्देश्य

- सक्षम शिक्षक आपुर्तिका लागि संघ तथा प्रदेश सरकार संग समन्वय गर्ने ।
- शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउने ।
- विषयवस्तु निपुर्ण शिक्षकको सुनिश्चितता गर्ने ।
- सबै तहमा सक्षम, प्रतिवद्ध र अभिप्रेरित शिक्षकहरुको प्रबन्ध गर्ने ।
- सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारुपको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरुको सुनिश्चित गर्ने ।

### ४.२.३ रणनीतिहरु

- शिक्षक, विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण र थप गरिनेछ ।
- रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिना शिक्षक नियुक्ति गरिनेछ ।
- प्रत्येक वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकास सम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइनेछ ।
- नगर भित्रका सामुदायिक विद्यालयमा कार्यरत सम्पुर्ण शिक्षक कर्मचारीहरुका सन्ततिहरुलाई प्राविधिक उच्च शिक्षा (डाक्टर १, इन्जिनियर १, चार्टर एकाउन्टेन्ट १, कृषि तथा पशु १, बनविज्ञान १)  का लागी निश्चित मापदण्ड बनाई प्रत्येक वर्ष पाँचजना लाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्थापन गरिनेछ ।
- नगरपालिका भित्रका उत्कृष्ट कार्य गर्ने शिक्षकलाइ निश्चित मापदण्डका आधारमा हरेक वर्ष नगर शिक्षा सेवा  पुररस्कारको व्यवस्था गरिनेछ ।
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइनेछ ।

- शिक्षकलाई निरन्तर पेसागत सहयोगका लागि स्थानिय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समुह गठन, शिक्षक सिकाइ समुह, श्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट अनुगमन पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।
- शिक्षकको उपस्थिति नियमितता र कार्यसम्पादनमा सुधार गरिनेछ ।
- विद्यालयमा शिक्षक विद्यार्थी अनुपातका आधारमा निजी श्रोतमा कार्य गरिरहेका न्यूनतम मापदण्ड पुगेका शिक्षकहरुलाई नगर शिक्षकको रुपमा व्यवस्थापन गरिनेछ ।
- शिक्षक तथा प्रधानाध्यापकहरुको वृत्ति विकास लाई विद्यार्थीको सिकाई सुधारसंग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही बनाउने ।
- शिक्षक नियुक्ति, सरुवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा सिकाइमा कुनै अवरोध नहुने पद्धतिको विकास गरिनेछ ।
- आचारसहिंता पालना नगर्ने शिक्षक कर्मचारीलाई कानुनी दायरामा ल्याइनेछ ।

### ४.२.४ प्रमुख क्रियाकलापहरुः

- शिक्षक नियुक्ति, सरुवा तथा बढुवा ।
- अस्थायी तथा निजि श्रोत बाट नियुक्त गरिएका शिक्षकहरुको व्यवस्थापनका लगि मापदण्ड तथा निर्देशिका तयारी तथा कार्यान्वयन गर्ने ।
- नगर भित्रका सामुदायिक विद्यालयमा कार्यरत सम्पुर्ण शिक्षक कर्मचारीहरुका सन्ततीहरुलाई प्राविधिक उच्च शिक्षा अध्ययनका लागि निश्चित मापदण्ड बनाई प्रत्येक वर्ष पाँचजना लाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्थापन गरिनेछ ।
- नगरपालिका भित्रका उत्कृष्ट कार्य गर्ने शिक्षकलाइ निश्चित मापदण्डका आधारमा हरेक वर्ष नगर शिक्षा सेवा पुरुस्कारको व्यवस्था गरिनेछ ।
- उपचारात्मक शिक्षण पद्धति लागू गर्ने ।
- नगर भित्र रहेका सम्पुर्ण विद्यालयहरुमा पुस्तकालय, पुस्तक कुना, सूचना प्रविधि प्रयोगशाला, विज्ञान प्रयोगशालाको व्यवस्थापन गर्ने ।
- नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न कमजोर विद्यार्थीहरुका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने ।
- विद्यालयलाइ बालमैत्री र प्रविधिमैत्री बनाउन शिक्षण सिकाइमा सुचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि ईन्टरनेट सेवाको व्यवस्था मिलाउने ।
- सिकाइ आदान प्रदान, क्षमता अभिवृद्धि, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालिकरणका लागि असल अभ्यासको अवलोकन भ्रमणको व्यवस्था मिलाउने ।
- सिकाइलाई प्रभावकारी बनाउन तथा शिक्षक पेशागत सहयोगका लागि विज्ञ समुह गठन, सहपाठी कक्षा अवलोकन, छोटो अवधिको तालिम, कार्य सम्पादन मूल्याङ्कन गर्ने ।
- शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण गर्ने ।

### ४.२.५ शिक्षक विकास र तयारी

शिक्षकहरू समाजका आदर्श व्यक्तित्व हुन। समाजमा सदाचार, सुशासन र सकारात्मक धारणाको विकास गराउन शिक्षकको अहम् भूमिका रहेको हुन्छ। शिक्षकहरू एक सामान्य वौद्धिक व्यक्तित्व मात्र नभएर सामाजर राष्ट्र परिवर्तनका हस्ती पनि हुन। शिक्षकहरू सक्षम र पेसाप्रति लगनशिल भएको खण्डमा मात्र शिक्षाले गति पाउन सक्दछ। शिक्षकहरूले विद्यालयमा काचो माटो रूपी रहेका बालबालिकालाई निश्चित आकार दिएर प्राज्ञिक व्यक्तित्व निर्माण गर्दछन्। यस्ता शिक्षक तयार गर्न छोटो समयमा थौरै लगानीले सम्भव छैन्। अधिक लगानी र लामो समयको अन्तरालमा उत्पादित जनशक्तिलाई व्यवस्थित बनाउन सकेको खण्डमा मात्र शिक्षाले गति लिन सक्दछ। गोदावरी नगरपालिकाले शिक्षक तयारीका लागि देहाय वमोजिमका कार्यनीतिहरु अवलम्बन गर्नेछ।

- विगतमा दिइएको तालिमहरुलाई कक्षा कोठामा प्रयोग गर्न प्रेरित गरिनेछ।
- सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरुलाई माग र आवश्यकताको आधारमा छोटो अवधिका पुनर्ताजगी तालिमहरु सञ्चालन गरिनेछ।
- शिक्षकको व्यक्तित्व विकासलाई प्राप्त नतिजासंग जोडिनेछ।
- विद्यालय शिक्षाका उत्कृष्ट विद्यार्थीहरूलाई शिक्षा क्षेत्रका विषयहरू पढ्न अग्रसर गराउने।
- आर्थिक रुपले शिक्षण पेशालाइ आकर्षित बनाउन थप सुविधा व्यवस्थापन गर्ने।
- आवश्यकता अनुसार विज्ञापन खोली योग्य, दक्ष र क्षमतावान व्यक्ति छनौट गरी शिक्षक नियुक्त गरिनेछ।
- संघीय सरकारबाट दरबन्दी थप प्राप्त नभएसम्मका लागि पालिकाले खुला प्रतिस्पर्धाबाट शिक्षणका लागि नगर शिक्षक छनौट गरी परिचालन गरिनेछ।

### ४.२.६ शिक्षण पेसामा आकर्षण र नियुक्ति

शिक्षण पेसा आफैँमा मर्यादित र सम्मानित पेशा हो। जुन देशमा शिक्षकलाई जति सम्मान दिएका हुन्छन् त्यो देशको शिक्षा प्रणाली पनि त्यति नै माथि रहेको हुन्छ। वर्तमान समयमा नेपालमा खुला प्रतिस्पर्धाको माध्यमबाट शिक्षक सेवा आयोगले शिक्षक नियुक्तिका लागि सिफारिस गरे सँगै शिक्षकहरूको पेशागत सम्मानमा पनि सहयोग पुगेको छ। वर्तमान समाजले पुँजीलाई सर्वोत्कृष्ट साधनका रूपमा स्वीकारेर दक्ष र सक्षम व्यक्ति पलायन हुन थालेका छन्। यस्तो परिप्रेक्षमा समयानुकूल जीवन निर्वाहका लागि आवश्यक सेवा सुविधा विस्तार गर्नु पनि शिक्षाण पेशाप्रति आकर्षण गराउने आधार हुनेछ। शैक्षिक गुणस्तर सुधारका लागि काम गरे बाफत अतिरिक्त सेवा सुविधाले पनि शिक्षण पेशामा आकर्षण गर्न सकिन्छ।

- योग्य, क्षमतावान, आदर्श चरित्रवान व्यक्तिलाई शिक्षक बन्न प्रेरित गरिनेछ।
- शिक्षकहरूलाई समयसमयमा क्षमता विकासका कार्यक्रम सञ्चालन र राम्रा कामको अनुकरणको वातावरण सिर्जना गरिनेछ।
- शिक्षकहरूका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी व्यक्तित्व विकासमा सहयोग गरिनेछ।
- शिक्षकहरूको बढुवा प्रक्रियामा चुस्त दुरुस्त वनाउन विद्यार्थीको नतिजा संग शिक्षकको का स मु जोडिनेछ।
- शिक्षकहरूको पेशागत मर्यादा कायम राख्न राम्रो काम गरेको मुल्याङ्कन गरी पुरुस्कारको व्यवस्था गरिनेछ।

- शिक्षण गरेको विषयमा विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धीको आधारमा शिक्षकलाई थप सुविधा प्रदान गरिनेछ ।

**४.२.७ शिक्षण सिकाइ क्रियाकलाप**

विद्यार्थीको मस्तिष्क तब धारिलो हुन्छ जब शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुन्छ । शिक्षण सिकाइ क्रियाकलाप कस्तो बनाउने भन्ने कुरा सम्बन्धित शिक्षकमा निर्भर हुन्छ भने प्राविधिक सहयोग विद्यालय र समुदायको रहेको हुन्छ । जबसम्म शिक्षकहरूमा अन्तरहृदय देखि केही गरूँ भन्ने भावनाको विकास हुँदैन तबसम्म विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुन सक्दैन । गोदावरी नगरपालिकाले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि देहाय बमोजिमका कार्यनीतिहरु अवलम्बन गर्नेछ ।

- शिक्षकहरुममा अन्तरहृदय देखि नै पेसा प्रतिको सम्मानभाव र जिम्मेवारी महसुस गराइनेछ ।
- विद्यार्थीको पूर्व क्षमतालाई आँकलन गरी रुचि, क्षमता र लगावका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ ।
- बालवालिकाको पठन सिप विकासका लागि विगतमा गरिएका तालिमलाई निरन्तरता दिइनेछ ।
- पाठ्यक्रमलाई मूल आधार बनाइ पाठ्यक्रमको प्रवोधिकरण र कार्यान्वयनमा प्रभावकारिता ल्याइनेछ ।
- स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्दै सूचना तथा सञ्चार प्रविधिको शिक्षण सिकाइमा प्रयोग गर्न उत्प्रेरीत गरिनेछ र आवश्यक तालिम तथा सहयोग प्रदान गरिनेछ ।
- प्रत्येक विद्यार्थीहरूका लागि आवश्यक विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब, पुस्तकालय, इ- पुस्तकालय र सामुदायिक पुस्तकालयको थप विकास गरिनेछ ।
- Learning by doing, प्रयोगात्मक, परियोजनामा आधारित सिकाइलाई प्रभावकारी रूपले कार्यान्वयनमा ल्याइनेछ ।
- कक्षा शिक्षण र विषयगत शिक्षण परम्पराको पूर्ण कार्यन्वयन गरिनेछ ।

**४.२.८ शिक्षकको उत्तरदायित्त्व**

शिक्षामा आएको नया परिवर्तन संस्थागत गर्न शिक्षक महत्वपूर्ण सहयात्री हुन । शिक्षक शिक्षण पेशाको शीर्ष व्यक्ति हो । शिक्षकले आफ्नो पेशाप्रति निर्वाह गर्नु पर्ने सम्पूर्ण जिम्मेवारीको जस अपजस स्वयम्मा रहेको हुन्छ । शिक्षकले जति उत्तरदायित्व वहन गर्न सक्यो शिक्षा क्षेत्रले त्यति नै गति पाउने भएकाले शिक्षकको उत्तरदायित्व अपरिहार्य पक्ष बन्दै गएको छ । यस योजनाले शिक्षक उत्तरदायित्वका लागि निम्न कार्य गरिनेछ ।

- विद्यार्थीको सिकाइको लागि शिक्षकलाई जिम्मेवार वनाइनेछ ।
- विद्यार्थीको उपलब्धिका आधारमा शिक्षकको मुल्यांङ्कन गरिनेछ ।
- विद्यार्थीको सफलता र असफलताको जिम्मेवारी सम्बन्धित सरोकारवालालाई दिईनेछ भने त्यसको नेतृत्व शिक्षकलाई दिइनेछ ।
- विद्यालयको चल अचल सम्पतिको संरक्षण र सामग्रीको उत्पादन र त्यसको प्रयोगको प्रभावकारिता मापन गर्न लगाइनेछ ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन, विद्यार्थी अभिलेख तयार, विद्यार्थी प्रगतिको विवरण तयार, विषयगत शिक्षण योजनाको तयारी तथा प्रयोग गर्न लगाइनेछ ।

### ४.२.९ शिक्षक सहयोग पद्धति

शिक्षक शैक्षिक परिवर्तनका अगुवा हुन्। शैक्षिक परिवर्तनमा नेतृत्वलाई सहयोग पुऱ्याउने नभएमा नेत्तृत्व असफल हुने र शिक्षा प्रणाली नै धरापमा पर्न सक्छ। त्यसैले शिक्षकलाई सहयोग पुऱ्याउन यस योजनाले निम्न कार्यनीति लागू गर्नेछ।

- शिक्षकहरुलाई पेशागत सहयोग गर्न प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, माध्यमिक इन्चार्ज तथा आधारभूत तह इन्चार्जलाई आवश्यक सेवा सुविधा सहित थप जिम्मेवार बनाइनेछ।
- सामाजिक,आर्थिक, राजनैतिक,  सांस्कृतिक,नैतिक समस्याको पहिचान गरी निराकरण गरिनेछ।
- समय समयमा क्षममता विकास तालिम सञ्चालन गरिनेछ।
- सूचना सञ्चारका आधुनिक प्रविधि सम्बद्ध तालिमको व्यवस्था गरिनेछ।
- शिक्षा क्षेत्रका गुनासो सुनि आवश्यक पेशागत सम्मान र सहयोगको व्यवस्था  गरिनेछ।
- शिक्षकहरुलाई नेपालका  नमुना विद्यालय भ्रमणको व्यवस्था गरिनेछ।
- शिक्षा क्षेत्र सम्बद्ध प्राकृतिक प्रकोपहरूमा शिक्षकहरूको सुरक्षा गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- विपदको समयमा शिक्षा निरन्तरता सम्बन्धी तालिम दिइनेछ।
- शिक्षकहरु लाई मनोसामाजिक परामर्श तालिम व्यवस्थापन गरिनेछ।

### ४.२.१० शिक्षक क्षमता विकास कार्यक्रम

शिक्षक एक बहुआयामिक व्यक्तित्व हो। उसले एक क्षेत्र र विधाको ज्ञानले मात्र पेशागत दखल देखाउन सक्दैन त्यसै गरी एक समयको ज्ञानले सदाका लागि प्रयाप्त हुन्छ भन्नु सर्वथा गलत कुरा हो। त्यसैले शिक्षकलाई समयानुकूल अद्यावधिक,जागरुक र समयसापेक्ष बनाउनु शिक्षक क्षमता विकास कार्यक्रमको उद्देश्य हो। शिक्षक क्षमता विकास कार्य गराउन यस नगरपालिकाले निम्नानुसारका  कार्यनीतिहरु लागू गरिनेछ।

- शिक्षा तालिम केन्द्र तथा अन्य संस्थाहरुले आयोजना गरेका पेसागत विकास तालिममा शिक्षकहरूलाई अनिवार्य सहभागी गराइनेछ र तालिममा सिकेका कुराहरु समूहमा आदानप्रदान गर्न लगाइनेछ।
- नगरपालिका स्तरीय क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ।
- पेशागत सहयोग पुऱ्याउने खालका सन्दर्भ सामग्री,पूरक सामग्री, सूचना प्रविधिमा आधारित सामग्रीको प्रयोग पक्षमा जोड दिइनेछ।
- विषयगत समस्याहरु सङ्कलन गरी सामूहिक निकास निकाल्ने विषयगत समिति गठन तथा अनुभव आदान प्रदान कार्यक्रम निरन्तर गरिनेछ।
- नगरपालिका भित्र रहेका सामुदायिक तथा संस्थागत  विद्यालयले गरेको असल अभ्यासको सम्मान गर्दै अन्य विद्यालयमा पनि विस्तार गरिनेछ।
- शिक्षकहरूमा सकारात्मक स्वच्छ प्रतिस्पर्धाको भावना विकास गराउन प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरिनेछ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका शिक्षा क्षेत्रका नविनतम् प्रविधिलाई शिक्षकको क्षमता विकास सम्वद्ध बनाउन विभिन्न तालिम, गोष्ठी र कार्यशाला सञ्चालन गरिनेछ।
- सूचना तथा प्रविधिको प्रयोग र व्यवस्थापन सिपको विकासमा जोड दिइनेछ।

### ४.२.११ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- दरबन्दी मिलान सम्पन्न भै विषयगत र कक्षागत रुपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ ।
- शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुनेछ ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | | १०८ | १०८ | १०८ | १०८ | १०८ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सूचना तथा प्रविधि सम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | | ५० | ७० | ८० | ९० | १०० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | | ५४ | ५४ | ५४ | ५४ | ५४ |

### ४.२.१२ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | शिक्षक नियुक्ति | | | ० | ० | ० | ० | ० | | |
| २ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिवृद्धि | | | १ | १ | १ | १ | ४ | ९ | |
| ३ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि | | | १ | १ | १ | १ | ४ | ९ | |
| ४ | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग | | | १ | १ | १ | १ | ४ | ९ | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

नेपाल विविधताले भरिपूर्ण देश हो । गोदावरी नगरपालिका पनि यसै देशको एउटा स्थानीय तह भएकाले यहाँ पनि विविधता रहेको पाइन्छ । व्यक्तिले आर्थिक र सामाजिक रूपमा कमजोर भएकै कारण शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित गोदावरी नगरपालिकामा पछाडि परेका वर्गको शैक्षिक पहुँच विस्तार गर्न जोड दिइनेछ ।

### ४.३.१ वर्तमान अवस्था

नगरपालिकाभित्र रहेका दृष्टिबिहीन न्यून दृष्टियुक्त, बहिरा,सुस्त श्रवण, अटिज्म, बौद्धिक शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई श्रोत कक्षा विशेष कक्षामा साथै सामान्य खालको अपांङ्गता भएका विद्यार्थीहरुलाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही शिक्षणा सिकाइ क्रियाकलाप सञ्चालन गरिएको छ । साथै सामाजिक आर्थिक वा भौगोलिक कारणले पछाडि  पारिएका व्यक्तिलाई विभेद रहित वातावरणमा कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिएको छ। यस नगरपालिका भित्र भौगोलिक रूपमा टाढा रहेका र आर्थिक रूपमा पछाडि परेका तथा शारीरिक रूपले अपाङ्ग र अशक्त व्यक्तिहरूका लागि शिक्षामा पहुँच विस्तार गरी सबै नागरिकलाई सबल र सक्षम बनाउने उद्देश्य राखेको छ ।

### ४.३.२ उद्देश्य

- विभिन्न कारणले पछाडि परेका बाललिकाहरुलाई विभेद रहित वातावरणमा शिक्षा दिने ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।

### ४.३.३ रणनीति

- शिक्षाबाट वञ्चित रहेका व्यक्ति, वर्ग,समुदायका लागि पहुँच योग्य सामुदायिक शैक्षिक कार्यक्रम सञ्चालन गर्ने।
- नगरपालिकाका विभिन्न स्थानहरूमा सिकाइ केन्द्र स्थापना गरी शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।
- सामुदायिक अध्ययन केन्द्रको सक्रियता बढाइ अपाङ्गा र शिक्षाबाट वञ्चित व्यक्ति र समुदायका लागि प्रोत्साहन सहितको लक्षित कार्यक्रम सञ्चालन गर्ने।

**क्रियाकलापहरु**

- आर्थिक तथा सामाजिक रूपले पछाडि परेका वर्गको शिक्षामा पहुँच सुनिश्चिचित गर्न छात्रवृति लगायत थप आर्थिक सहुलियत प्रदान गर्ने ।
- आर्थिक रूपमा कमजोर बालबालिकाका अभिभावकहरूलाई आयआर्जनका लागि सिप विकास तालिम प्रदान गरी स्वरोजगार बनाउनुका साथै उनीहरूलाई स्थानीय रोजगारी उपलव्ध गराउने ।
- सूविधा सम्पन्न आवासीय विद्यालय विकास गर्ने ।
- विद्यालयमा विशेष शिक्षा सञ्चालनका लागि आवश्यक पूर्वाधार र जनशक्तिको विकास गर्ने ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भै सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**नतिजा**

| | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सँख्या | | १०१ | ८० | ५० | २५ | ० |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | | | | | | |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | | | | | | |

**४.३.४ प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | निरन्तर | | ५३ | ५३ | ५३ | ५३ | ५३ | ५३ | |
| २ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | निरन्तर | | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | |
| ३ | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश | पटक | | १ | १ | १ | १ | ४ | ९ | |
| ४ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरूबिच जवाफदेहिता सहितको कार्यगत समन्वय | निरन्तर | | १ | १ | १ | १ | ४ | ९ | |
| ५ | निर्देशिका अनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्तिसमेत) | विद्यार्थी सङ्ख्या | | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | |
| ६ | अपाङ्गतामैत्री विद्यालय सँख्या | | १ | १ | १ | १ | १ | २ | | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

- विद्यालय खाजा प्रा बि तहका सबै सामुदयिक विद्यालयमा सञ्चालित छ।
- सामुदायिक विद्यालयमा समय समयमा स्वास्थ्य चेकजाचका कार्यक्रम सन्चालन हुने गर्दछन्।
- विद्यालयमा सरसफाइ तथा स्वच्छताको अवस्था सुधारमा जोड दिइएको छ।

### ४.४.२ उद्देश्य

- बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।
- स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।

### ४.४.३ रणनीति

- दिवा खाजा कार्यक्रममा रकम बढाउदै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने।
- दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने बिभिन्न सुविधाहरु बिस्तार गर्ने।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल,किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध गर्ने।
- विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने।
- दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित वस्तुहरुलाई प्राथमिकता दिने।
- दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता,विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने।
- दिवा खाजालगायत स्वास्थ्य,पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी नियमन प्रकृयालाई प्रभावकारी बनाउने।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अबस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | | ९९ | ९९ | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | | ९९ | ९९ | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | | १- ५ | १- ५ | १- ५ | १- ५ | १- ८ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सँख्या | | ४५ | ४७ | ४९ | ५१ | ५४ |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सँख्या | | ४९ | ५० | ५१ | ५२ | ५४ |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सँख्या | | १० | २५ | ३५ | ४५ | ५४ |

**४.४.५ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | | | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | | | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | |
| ३ | दिवा खाजाको लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | | | १ | १ | १ | १ | ४ | ९ | |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | | | १ | १ | १ | १ | ४ | ९ | |
| ९ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको ब्यबस्था | | | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | |
| १० | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | | | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | | | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | |

## ४.५ विद्यालय सुरक्षा, विपत न्युनीकरण तथा उत्थानशीलता

### ४.५.१वर्तमान अवस्थाः

विगतमा विभिन्न समयमा हाम्रो देशले विभिन्न आपतकालीन समस्याहरु भोग्दै आइरहेको छ। यसको प्रभाव तथा असर प्रत्यक्ष रुपमा शिक्षाक्षेत्रमा परिरहेको छ। विशेष गरी वि.सं. १९९० को महाभूकम्प त्यस्तै २०७२ सालको महाभूकम्प र २०७६ सालमा देखापरेको कोभिड-१९ ले विशेष गरी शिक्षा क्षेत्रमा ठूलो असरपारेको छ। यी बिभिन्न आपतकालीन अवस्थालाई मध्यनजर गर्दै शिक्षा क्षेत्रलाई सुरक्षित शिक्षण सिकाइ वातावरण निर्माण गर्नको लागि गोदावरी नगरपालिकाले दश वर्षे गाउँ शिक्षा योजनामा विद्यालय सुरक्षा विपत न्युनीकरण तथा उत्थानशीलता सम्बन्धी कार्यक्रम समावेश गरी शिक्षालाई निरन्तर दिने र वैकल्पिक विधि र माध्यमबाट शिक्षाको विकास गर्ने गरी योजना बनाइएको छ।

### ४.५.२उद्देश्य

- विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्व तयारी,व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धि आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने।
- सम्भावित प्रकोप विपतकालीन समयमा विद्यार्थीको जीवनलाई सुरक्षित गर्नु।
- विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु।

- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु।
- आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु।

### ४.५.३ रणनीति

- विपद्सम्बन्धी पूर्व सावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने।
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गर्ने।
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद तथा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने।
- विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने।
- रेडक्रससँग समन्वय गरेर उद्धार र राहत सम्बन्धी तालिम सन्चालन गरिने छ।
- विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० अनुसार केन्द्रमा सहजिकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार बिकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपद् व्यवस्थापन तथा विपद् जोखिम नयुनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्ष सम्बन्धी काम, अनुगमान तथा निरिक्षण गर्ने
- विपद तथा प्रकोप र शान्ति सुरक्षार अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरू बिच वडा तह सम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने।
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने।

### ४.५.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धिः**

- विद्यालयमा विपद उत्थानशील भौतिक निर्माण तथा सुविधाको व्यवस्था भएको हुने छ ।
- विद्यालयमा विपद उत्थानशील संयन्त्रण तथा नीति नियम भएको हुने।
- आपतकालीन तथा सङ्कटपूर्ण अवस्था पनि वैकल्पिक व्यवस्था अनुसार शिक्षा निरन्तरता भएको हुने छ।
- जोखिम न्यूनीकरण तथा उत्थानशीलता शिक्षालाई संस्थागत भएको हुने छ।

**नतिजाः**

- विद्यालयका भौतिक संरचना विपद उत्थानशील हुनेछ।
- विद्यालयमा विपदका समयमा द्रुत गतिको प्रतिकार्य समिति गठन गरिने छ।
- प्रतिकार्य समिति पदाधिकारीलाई क्षमता विकास भएको हुने।
- विद्यालयमा आपतकालीन कोषको स्थापना भएको हुने छ।
- विद्यालयमा प्राथमिक उपचार तथा उद्धार गर्ने सामग्रीको व्यवस्था भएको हुने छ।
- विपद कार्ययोजना तयारी गरी लागू भएको हुने छ।
- वैकल्पिक विधिको माध्यमबाट शिक्षण सिकाइ भएको हुने छ।

- विपदको समयमा घुम्ती तथा टोल शिक्षा सञ्चालन भएको हुने छ।
- विपदको समयमा अनलाईन कक्षा सञ्चालन भएको हुने छ।
- बालबालिका जोखिम न्यूनीकरण प्रति सचेत हुने र जोखिम न्यूनीकरणमा समुदायमा भूमिका खेल्ने बारेमा क्षमताको विकास भएको हुनेछ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीप सहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सँख्या | | २० | ३० | ४० | ५० | ५४ |
| २ | हरित विद्यालय सँख्या | | २० | १० | १० | ८ | ६ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने विद्यालय सँख्या | | १५ | १५ | १० | १० | ४ |

**४.५.५ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य**

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८५ | २०८५ | जम्मा | | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | | १ | ० | ० | १ | २ | ४ | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | | | १ | १ | १ | १ | ४ | ९ | |
| ३ | विपद् पूर्व तयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | | | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | |
| ४ | शिक्षक तथा बिव्यस तालिम | | | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | |
| ५ | विपद प्रतिरोधी विद्यालय सँख्या | | | ११ | २० | १५ | ७ | ५ | ५४ | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनको निमित्त प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने,विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार बिपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा  विकास गर्ने लगायतका नितिगत व्यवस्थापन गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षाक्षेत्रको यय योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ।

### ४.६.१ वर्तमान अवस्था

- ५४ वटा सामुदायिक विद्यालयहरुको कक्षाकोठा पक्की रहेको छ।
- ४० वटा विद्यालयमा पुस्तकालय कोठा, प्रयोगशाला कोठा रहेका छन्।
- ३ वटा विद्यालय पुर्ननिर्माण गर्नुपर्ने रहेको छ।
- २ ३ विद्यालय बाहेक सबै सामुदायिक विद्यालयमा कक्षाकोठा तथा छात्राका लागि बेग्लै शौचालयको प्रबन्ध छ।

### ४.६.२ उद्देश्य

- विद्यालय शिक्षाका लागि आवश्यक मापदण्डविकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु।
- सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु।
- जलवायु परिवर्तनका असरहरूबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु

### ४.६.३ रणनीति

- भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने।
- एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने।
- विद्यालय पूर्वाधार विकासका लागि संघ. प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने।
- विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा  पुनर्निर्माण एवम् मर्मत संभार गर्ने।
- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- सबै विद्यालयहरूमा पर्याप्त भौतिक संरचना निर्माण हुने।
- विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुने ।

**नतिजा**

नितजा तथा परिणात्मक लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | | ४० | ४ | ४ | ३ | २ |
| २ | नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठा सँख्या | | ८ | ६ | २ | १ | १ |
| ३ | सबलीकरण गर्नु पर्ने कक्षाकोठा सँख्या | | ६ | ३ | ३ | ३ | ३ |
| ४ | नयाँ निर्माण गर्नु पर्ने शौचालय सँख्या | | ४ | ४ | ४ | ४ | ४ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु पर्ने विद्यालय सँख्या | | ५४ | ५४ | ५४ | ५४ | ५४ |

### ४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | पटक | | ३ | ३ | ३ | ४ | १३ | १९ | |
| २ | विद्यालयहरूको सबलीकरण | सङ्ख्या | | २ | २ | २ | २ | ८ | १३ | |
| ३ | विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन समेत | विद्यालय सङ्ख्या | | ४ | ३ | २ | १ | १० | १५ | |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | | ३ | ३ | ३ | ३ | १२ | १७ | |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय सङ्ख्या | | ३ | २ | २ | २ | ९ | १४ | |
| ६ | अपाङ्ता मैत्री संरचना निर्माण | विद्यालय सङ्ख्या | | ० | १ | ० | १ | २ | ४ | |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षा सम्बन्धी रूजुसूची भर्ने | | | ० | ५४ | ५४ | ५४ | ५४ | ५४ | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था

शिक्षाको मेरुदण्डको रूपमा सूचना प्रविधि रहेको हुन्छ।शिक्षामा सूचना सञ्चार प्रविधिको समुचित अधिकतम उपयोग गर्न सकेको खण्डमा शिक्षा समायानुकुल र गुणस्तरीय र दिगो हुन्छ। सूचना प्रविधि र सञ्चारबाट प्राप्त ज्ञानले विश्वव्यापीकरणमा सहयोग पु-याउने सशक्त माध्यमका रूपमा रहेको छ। आजको युगमा सूचना सञ्चार प्रविधि रहित शिक्षा दिन खोज्नु शिक्षा प्रणालीलाई विगतको शिक्षा प्रणालीमा फर्काउनु जस्तै भएकाले यस योजनाले शिक्षामा सूचना प्रविधिको प्रयोगलाई सशक्त माध्यमका रूपमा अगाडि बढाएको छ। विभिन्न अप्ठ्यारो परिस्थितिमा पनि बालबालिकाहरुलाई शिक्षा प्रदान गर्नका लागि वा शिक्षा निरन्तरताको लागी ICT मा सक्षम हुन आवश्यक देखिन्छ। नेपाल टेलिकमले 4G सेवा प्रदान गरेसँगै नेटको पहुँचमा आइसकेको र क्रमिक रूपमा Computers उपलब्ध गराउने तयारी गरिएको छ।सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आई गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्नमा जोड दिइनेछ।

### ४.७.२ उद्देश्य

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने।
- सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने।
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउने।

### ४.७.३ रणनीतिहरू

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ।
- सबै शिक्षकहरूको क्षमता विकास गरिनेछ।
- सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूलाइ प्रविधि उन्मुख वनाउदै प्रत्येक शिक्षकलाइ क्रमश: ल्यापटपको व्यवस्था गरिनेछ।
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तर्क्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइनेछ।
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गराइनेछ।
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधा मार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिनेछ।
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिनेछ।
- सामुदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center स्थापना गरिनेछ।

### प्रमुख क्रियाकलाप

- विद्यालयमा ICT संरचना विस्तार।
- प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था।
- शिक्षकहरूको क्षमता विकास।
- प्रत्येक विद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता।
- IEMIS व्यवस्थापन।
- सामुदायिक अध्ययन केन्द्रहरूको क्षमता विकास।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन हुने

**नतिजाः**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने।
- विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने।
- सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने।
- सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा बिस्तार हुने।
- सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने।
- सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने।
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउनेछ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको सँख्या | | ४५ | ३ | २ | २ | १ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सँख्या | | २० | १० | १० | १० | ३ |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | | ४० | ३ | ३ | ४ | ३ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | | ४० | ७ | ६ | ० | ० |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सँख्या | | ५४ | ० | ० | ० | ० |

**४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी ई लाइब्रेरी स्थापना | | २० | १० | ८ | ८ | ८ | ५४ | ५४ | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | | ० | ४५ | ३ | ३ | २ | १ | ५४ | |
| ३ | शिक्षकहरूको क्षमता विकास | | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ४ | प्रत्येक विद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | | ० | ४१ | ४ | ३ | ३ | ३ | ५४ | |
| ५ | IEMIS व्यवस्थापन | | ० | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | |

# परिच्छेद ५: सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सवल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ। सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारीबोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ। सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ। शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आ-आफ्नो भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ। नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकलरसाझाअधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ। विद्यालयशिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यवस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ। यस परिच्छेदमा समावेश गरिएका क्षेत्रहरुलाई पनि अरु परिच्छेदमा जस्तै परिचय, वर्तमान अवस्था, उद्देश्यहरु, रणनीतिहरु, उपलब्धिहरु, नतिजाहरु र मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारण गरि ७ वटा उप शीर्षकहरुमा बिभाजन गरी विश्लेषण गरिएको छ।

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ५.१.१ वर्तमान अवस्था

- पालिका ऐन, कार्यविधि, तथा मापदण्डको विकास भएको।
- पालिका तथा विद्यालयमा जनशक्तिको उचित व्यवस्थापन भएको।
- विद्यालय व्यवस्थापनको जिम्मेवारी वि व्य स लाई भएको।
- आवश्यक स्रोत साधनको व्यवस्थापन भएको।
- शिक्षकहरुको क्षमता विकास भएको।

### ५.१.२ उद्देश्य

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु।
- जनशक्तिको लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु।
- आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु।

### ५.१.३ रणनीति

- स्थानीय तहमा शिक्षाको व्यवस्थापन लाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने।
- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने।

- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने।
- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने।
- कार्यक्रमको प्रभावकारी ढंगबाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने ।

### ५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।
- संस्थागत क्षमता अभिवृद्धि भै उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ।
- आवश्यक स्रोत साधनको व्यवस्थापन भै प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुनेछ ।

**प्रमुख नतिजा**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने ।

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | | २० | ० | ० | २० | ० |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | | ११ | ० | ० | ११ | ० |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सँख्या | | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय संख्या | | ५४ | ५४ | ५४ | ५४ | ५४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सँख्या | | १३ | १५ | १७ | १८ | २० |

**प्रमुख क्रियाकलाप र लक्ष्य**

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने।

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | आवश्यक कानूनी प्रवन्ध तथा मापदण्ड विकास | | | १ | ० | ० | ० | १ | २ | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | | | २ | १ | ३ | ४ | १० | १५ | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | | | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | |
| ४ | कार्यसम्पादन करार गरी नतिजा प्रति जिम्मेवार बनाउने | | | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्यांकंन गर्ने, गराउने | | | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

योजना कार्यान्वयनको प्रवन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्व पर्दछन्। नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचना अनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ। कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ।

### ५.२.१ वर्तमान अवस्था

गोदावरी नगरपालिकामा निम्न विषय क्षेत्रहरुको आधारमा शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने व्यवस्था गरिएको छ।

- नगरपालिकामा विद्यालयमा जनशक्तिको उचित व्यवस्थापन गरिएको।
- शिक्षा योजना निर्माण गरी कार्यान्वयनको लागि आवश्यक रणनीति बनाईएको।
- आवश्यक स्रोत साधनको व्यवस्थापन गरिएको।
- ऐन, नियम, कार्यबिधि निर्माण गरी कार्यान्वयनमा ल्याईएको।

- चुनौती तथा अवसरहरू विश्लेषण गरी कार्यान्वयन गर्न सकिने क्रियाकलापहरु मात्र समाबेश गरिएको ।

**५.२.२ उद्देश्य**

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

**५.२.३ रणनीति**

- संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको बिवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।
- विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउँने ।
- विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
- बित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।
- अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
- सामुदायिक सिकाइ  केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप बिकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

**५.२.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

**प्रमुख नतिजा**

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

**५.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | (१० वर्ष) | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | एकिकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद ६: लगानी र स्रोत व्यवस्थापन

शैक्षिक विकास लगानीमा आश्रित हुन्छ। नेपालको सन्दर्भमा मुलुक संघीयतामा गए सँगै आधारभूत र माध्यमिक तह स्थानीय सरकारको अधिकार भित्र समावेश गरिएको छ । आधारभूत र माध्यमिक शिक्षाको समग्र व्यवस्थापनका लागि स्थानीय तहहरू परिपक्व हुन नसकेको परिप्रेक्षमा संघीय, प्रदेश सरकारले पनि पर्याप्त मात्रामा लगानी गर्दै आएका छन्। शिक्षक तलब भत्ता, भौतिक पूर्वाधार विकास, शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरू, छात्रवृति, आधारभूत तह (कक्षा ६–८) र माध्यमिक तहका छात्राहरूका लागि स्यानिटरी प्याड, छात्रवृत्ति, पाठ्यपुस्तक, अनौपचारिक तथा वैकल्पिक शिक्षा आदिमा सशर्तका कार्यक्रम र स्थानीय तहले आवश्यकतानुसार खर्च गर्न सक्ने गरी समानीकरण बजेट स्थानीय तहलाई उपलब्ध गराउनु यसका दृष्टान्त हुन्। स्थानीय सरकारले आफ्नो क्षेत्राधिकार भित्रको शैक्षक प्रणालीमा सुधार गर्न भरपुर प्रयास गरिरहेको छ। विकट क्षेत्रका वस्तीमा पहुँच पु-याउन थप विद्यालय सञ्चालन, शिक्षा दरवन्दी अभाव रहेको सन्दर्भमा स्वयमसेवक परिचालन र तिनका लागि निर्वाह खर्चको व्यवस्था, प्रधानाध्यापकहरूका लगि बैठक भत्ताको व्यवस्था, विद्यालय सहयोगी कर्मचारीका लागि प्रोत्साहन स्वरूप रकम उपलब्ध गराउनु, माध्यमिक शिक्षा कक्षा (११- १२) निःशुल्क बनाउन थप अनुदान उपलब्ध गराउनु, शिक्षकहरूको क्षमता विकास तालिम सञ्चालन गर्नु, विद्यार्थीको प्रतिभा विकासमा सहयोग पु-याउन विभिन्न कार्यक्रम, खेलकुद आयोजना गरिएका छन्। यी यस्ता अन्य कार्यक्रमहरू सञ्चालनका लागि लाग्ने लगानी र स्रोत व्यवस्थापनको खाका यहाँ प्रस्तुत गरिएको छः

### ६.१ वर्तमान अवस्था

शिक्षामा लगानी बढाउनुपर्छ भनेर नगरपालिकाका विभिन्न नीति तथा योजनाहरुमा समावेश गरिएको पाइन्छ । नेपालको संघीय तहबाट शिक्षामा जम्मा १० प्रतिशत लगानी गरिएको अवस्था छ भने नगरपालिकाले शिक्षा क्षेत्रलाई विशेष प्राथमिकता दिएको पाइन्छ । यसरी हेर्दा नगरपालिकाले शिक्षा क्षेत्रलाई विकासको प्रमुख पूर्वाधारको रुपमा अङ्गिकार गरेको पाइन्छ। त्यसैगरी शिक्षामा घरपरिवारको अप्रत्यक्ष तथा प्रत्यक्ष लगानी तथा नीजि क्षेत्रको लगानी समेत उल्लेख्य रुपमा रहेको पाइन्छ । स्थानीय सरकारले शिक्षामा गरेको प्रशासनिक र व्यवस्थापकीय लगानी समेत महत्वपूर्ण रहेको छ। हाल संघीय सरकारबाट सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तकको व्यवस्था गरिएको छ । त्यसै गरी सामुदायिक विद्यालयहरुमा विभिन्न किसिमका छात्रवृत्तिको व्यवस्था गरिएको छ। पूर्व प्राथमिक कक्षा देखि ५ सम्म दिवा खाजाको व्यवस्था गरिएको छ भने कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि सेनिटरी प्याडको व्यवस्था गरिएको छ। गोदावरी नगरपालिकाले आधारभूत शिक्षालाई निःशुल्क बनाउनका लागि वार्षिक नीति, बजेट तथा कार्यक्रमको व्यवस्था गरिएको छ र त्यसको लागि एउटा कार्यविधि समेत निर्माण गरिसकेको छ। शिक्षामा गरिने लगानीलाई मानव संशाधन विकासको प्रमुख लगानीको रुपमा लिईन्छ। विद्यालय शिक्षामा गरिने लगानी तथा स्रोत विकास सम्बन्धि विश्लेषणका आधारमा देहाय बमोजिमका चुनौतीहरु पहिचान गरीएका छन।

- विद्यालय शिक्षामा लगानी बृद्धि र दिगो स्रोतको व्यवस्थापन गर्नु।
- निजि क्षेत्रबाट शिक्षामा गरिने लगानीलाई सार्वजनिक सेवा, सामाजिक दायित्व र सेवामूलक बनाउनु।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा अध्ययन गर्ने विद्यार्थी संख्या बढाउनु।
- सूचना तथा सञ्चार प्रविधि मैत्रि शिक्षण प्रणालिको व्यवस्थापन गर्नु।
- विद्यार्थीको सिकाइ तथा कुशलतामा बृद्धि गर्ने गरी आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नु।

- शिक्षामा समावेशीता र समतामा सुधार गर्न आर्थिक रुपमा कमजोर, विपन्न तथा कठिन परिस्थितिमा रहेका र अपाङ्ता भएका बालबालिकाहरुको पहुँच, सहभागिता र गुणस्तरीयता सुनिश्चित गर्नु ।
- वित्तिय व्यवस्थापन कार्यकुशल बनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने ।

**६.२ उद्देश्य**

- शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
- योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तिय स्रोत पहिचान गर्नु ।
- उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट गर्नु ।
- खर्चको प्रक्रिया, भूमिका र दायित्व स्पष्ट पार्नु ।
- लागत प्रतिफलको जानकारी लिने उपयुक्त विधि, प्रक्रिया उपयुक्त पद्धतिको विकास गर्नु ।

**६.३ रणनीति**

- शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी बजेट छुट्याउने गरी कार्यक्रमहरुको प्रस्ताव गरिनेछ ।
- शिक्षकहरूको क्षमता विकासका लागि पालिकास्तरीय क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने र गाउँस्तरीय क्षमता विकासका लागि आवश्यक बजेट स्थानीय सरकारको लगानी हुनेछ ।
- सामुदायिक विद्यालयमा कार्यरत स्वयंसेवक शिक्षकहरुको लागि तलब भत्ता र प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास गर्नपालिकाले आफ्नो लगानीमा अन्य विद्यालयहरूमा विस्तार गरिनेछ ।
- उच्च शिक्षा सञ्चालन गर्ने शैक्षिक संस्थाहरुको व्यवस्थापन तथा क्षमता विस्तार गरिनेछ ।
- संघीय र प्रदेश सरकारबाट प्राप्त भइरहेको सशर्त कार्यक्रमहरूको निरन्तरता दिँदै कार्यक्रमको सङ्ख्यात्मक विस्तारका लागि पहल गरिनेछ ।
- संघीय र प्रदेश सरकारबाट समेट्न नसकेका कार्यक्रमहरुको हकमा शशर्त नै कार्यक्रम विस्तार गर्न संघीय र प्रदेश सरकारलाई पहल गरिनेछ ।
- विद्यालयहरुलाई अनुदान प्रदान गरिए पश्चात लक्षित गुणस्तर सुनिश्चितका लागि सम्बन्धित विद्यालयलाई नै जिम्मेवार बनाइनेछ ।
- विद्यालयहरुलाई अनुदान प्रदान गर्नुपूर्व जुन शीर्षकमा अनुदान प्रदान गरिएको छ त्यसको खर्चको आधार तथा कार्यविधि तयार गरिनेछ ।
- विद्यालयका सम्पूर्ण आर्थिक क्रियाकलापहरु सफ्टवेयरमा आधारित बनाइनेछ ।
- तोकिएकै शिर्षकमा रकम खर्च गर्न विद्यालयहरुलाई निर्देशन दिइनेछ ।
- विद्यालयमा पुस्तकालय,विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशालाको विस्तार गर्न संघीय, प्रदेश सरकार मार्फत पहल गर्ने छ र सो बाट अपुग रकम व्यवस्थापन  गरिनेछ ।
- शिक्षा क्षेत्रको शैक्षिक, भौतिक तथा प्रशासनिक विकास तथा गुणस्तरको लागि नगरपालिकाले आफ्नो समानीकरण अनुदानको कम्तिमा २० प्रतिशत लगानी गरिनेछ ।
- लागत साझेदारीमा आधारित कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- वि.सं. २०८७ (सन् २०३०) सम्म नगरपालिकाले समानीकरण वजेटमा शिक्षामा गर्ने लगानी २०प्रतिशत पुगेको हुनेछ।
- शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने।
- वित्तिय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ।

### ६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

**क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १. | HIV संक्रमित बालबालिकाका लागि शैक्षिक सामग्री बितरण | १ | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | ५००००० |
| २ | आ वि का स्वीकृत दरवन्दीका राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | ४ | १५७७०४००० | १५७७०४००० | १५७७०४००० | १५७७०४००० | १५७७०४००० | ७८८५२०००० | १५७७०४०००० |
| ३ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | १ | १८८२६००० | १८८२६००० | १८८२६००० | १८८२६००० | १८८२६००० | ९४१३०००० | १८८२६०००० |
| ४ | प्रति विद्यार्थी लागतका आधारमा सिकाई तथा डिजिटल सिकाइ सामग्री | १ | ६२६४००० | ६२६४००० | ६२६४००० | ६२६४००० | ६२६४००० | ३१३२०००० | ६२६४०००० |
| ५ | प्रारम्भिक बालविकास सहजकर्ताको पारश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | १० | २०९९९००० | २०९९९००० | २०९९९००० | २०९९९००० | २०९९९००० | १०४९९५००० | २०९९९०००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | कक्षा ९- १० मा अंग्रेजी गणित विज्ञान बिषयमा शिक्षण सहयोग अनुदान | १० | २०८०७००० | २०८०७००० | २०८०७००० | २०८०७००० | २०८०७००० | १०४०३५००० | २०८०७०००० |
| ७ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक राहत अनुदान शिक्षकका लागि तलब भत्ता | १ | ४१३१८००० | ४१३१८००० | ४१३१८००० | ४१३१८००० | ४१३१८००० | २०६५९०००० | ४१३१८०००० |
| ८ | विद्यालय सन्चालन तथा व्यवस्थापन अनुदान | १ | ३६३५००० | ३६३५००० | ३६३५००० | ३६३५००० | ३६३५००० | १८१७५००० | ३६३५०००० |
| ९ | विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १ | ७७२७००० | ७७२७००० | ७७२७००० | ७७२७००० | ७७२७००० | ३८६३५००० | ७७२७०००० |
| १० | ReAL अन्तरगतका कार्यक्रम कार्यान्वयन | १ | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० | ५०००००० |
| ११ | विभिन्न लक्षित ६-१२ मा अध्ययनरत विद्यार्थीका लागि छात्रबृत्ति | १ | ४२५२००० | ४२५२००० | ४२५२००० | ४२५२००० | ४२५२००० | २०७६०००० | ४१५२०००० |
| १२ | शैक्षिक पहुच सुनिश्चितता अनोपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | १ | ५१६२००० | ५१६२००० | ५१६२००० | ५१६२००० | ५१६२००० | २५८१०००० | ५१६२०००० |
| १३ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास | १ | २१६०००० | २१६०००० | २१६०००० | २१६०००० | २१६०००० | १०८००००० | २१६००००० |
| १४ | सामुदायिक विद्यालयका छात्रालाई नि:शुल्क स्यानीटरी प्याड व्यवस्थापन | १ | ६७५९००० | ६७५९००० | ६७५९००० | ६७५९००० | ६७५९००० | ३३७९५००० | ६७५९०००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५ | सार्वजनिक विद्यालयका विद्यार्थीका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान स्थानीय विषय मातृभाषाको समेत | १ | ४०००००० | ४०००००० | ४०००००० | ४०००००० | ४०००००० | २००००००० | ४०००००००० |
| १६ | सार्वजनिक विद्यालयमा अध्ययनरथ विद्यार्थीको लागि छात्रबृत्ति | १ | ८२६६००० | ८२६६००० | ८२६६००० | ८२६६००० | ८२६६००० | ४१३३०००० | ८२६६०००० |

**ख। प्रदेश सरकारबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | लक्ष्य | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |

**ग) स्थानीय तहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | IEMIS तालिम | १ | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | १५००००० | ३०००००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | Item Analysis सम्बन्धि तालिम | १ | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | १५००००० | ३०००००० |
| ३ | अतिरिक्त क्रियाकलाप सन्चालन | १ | ४००००० | ४००००० | ४००००० | ४००००० | ४००००० | २०००००० | ४०००००० |
| ४ | अनुगमन कार्यक्रम | ३ | २००००० | २००००० | २००००० | २००००० | २००००० | १०००००० | २०००००० |
| ५ | आधारभुत तह कक्षा ८ परिक्षा पुरक सहित सन्चालन | १ | १८००००० | १८००००० | १८००००० | १८००००० | १८००००० | ९०००००० | १८०००००० |
| ६ | आयोग तयारी कक्षा | १ | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० | ५०००००० |
| ७ | उत्कृष्ट सिकाई उपलब्धिको आधारमा शिक्षक तथा विद्यार्थीलाई नगर शिक्षा पुरस्कार | १ | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | ४०००००० | ८०००००० |
| ८ | एक वडा एक नमुना विद्यालय कार्यक्रम | १ बिद्यालय | २४००००० | २४००००० | २४००००० | २४००००० | २४००००० | १२०००००० | २४०००००० |
| ९ | कबड्डी खेल सामग्री खरिद | १ | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० | ५०००००० |
| १० | कल्याणकारी कोष राहत नगर शिक्षक बालविकास सहजकर्ता विद्यालय कर्मचारी | १ | ३०००००० | ३०००००० | ३०००००० | ३०००००० | ३०००००० | १५०००००० | ३००००००० |
| ११ | नगर शिक्षक अनुदान | १३ महिना | ४२२५०००० | ४२२५०००० | ४२२५०००० | ४२२५०००० | ४२२५०००० | २११२५०००० | ४२२५००००० |
| १२ | नगर शिक्षा समिति बैठक | ४ | २५०००० | २५०००० | २५०००० | २५०००० | २५०००० | १२५०००० | २५००००० |
| १३ | नबप्रबर्धन अध्ययन अनुसन्धान र आबिष्कार प्रबर्धन कार्यक्रम | १ | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० | ५०००००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | प्र अ बैठक | ५ | १५०००० | १५०००० | १५०००० | १५०००० | १५०००० | ७५०००० | १४००००० |
| १५ | पुर्ब सिकाईको मान्यता विधिद्धारा सिप परिक्षण कार्यक्रम | १ | १०००००० | १०००००० | १०००००० | १०००००० | १०००००० | ५०००००० | १००००००० |
| १६ | प्रारम्भिक बालविकास सम्बन्धि अभिभावक शिक्षा कार्यक्रम | १ | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | १५००००० | ३०००००० |
| १७ | बहिरा विद्यार्थीको खेलकुद कार्यक्रम | १ | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | १५००००० | ३०००००० |
| १८ | बालविकास सहजकर्ता पारिश्रमिक | १ ३ | ९८२८००० | ९८२८००० | ९८२८००० | ९८२८००० | ९८२८००० | ४९१४०००० | ९८२८०००० |
| १९ | राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता जिल्ला सहभागिता | १ | ३५०००० | ३५०००० | ३५०००० | ३५०००० | ३५०००० | १७५०००० | ३५००००० |
| २० | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता नगरस्तरीय | १ | १२००००० | १२००००० | १२००००० | १२००००० | १२००००० | ६०००००० | १२०००००० |
| २१ | रिसर्च आर्टिकल सम्बन्धि कार्यशाला | १ | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | १५००००० | ३०००००० |
| २२ | बालविकास सहजकर्ताका लागि स्वएच्छिक अबकाश कार्यक्रम | २ | २२५०००० | २२५०००० | २२५०००० | २२५०००० | २२५०००० | ११२५०००० | २२५००००० |
| २३ | विद्यार्थी भर्ना अभियान | १ | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० | १०००००० |
| २४ | विद्यालय कर्मचारी अनुदान | १३ | ६८२५००० | ६८२५००० | ६८२५००० | ६८२५००० | ६८२५००० | ३४१२५००० | ६८२५०००० |
| २५ | विभिन्न समिति बैठक | ४ | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | १५००००० | ३०००००० |
| २६ | शैक्षिक पात्रो निर्माण | १ | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० | १०००००० |
| २७ | शिक्षकका लागि तालिम कार्यक्रम | १ | ८००००० | ८००००० | ८००००० | ८००००० | ८००००० | ४०००००० | ८०००००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २८ | स्थानीय पाठ्यपुस्तक छपाई | २ | २०५६००० | २९५६००० | २९५६००० | २९५६००० | २९५६००० | १४७८०००० | २९५६०००० |
| २९ | स्थानीय स्काउट कार्यक्रम | १ | ५०००००० | ५०००००० | ५०००००० | ५०००००० | ५०००००० | ३००००००० | ६००००००० |
| ३० | विशेष कक्षा व्यवस्थापन | १ | १५०००० | १५०००० | १५०००० | १५०००० | १५०००० | ७५०००० | १५००००० |
| ३१ | सामुदायिक सिकाई केन्द्र परिचालिका | १३ | ४५५००० | ४५५००० | ४५५००० | ४५५००० | ४५५००० | २२७५००० | ४५५०००० |
| ३२ | सामुदायिक विद्यालयमा तालिम कार्यक्रम | १ | १०००००० | १०००००० | १०००००० | १०००००० | १०००००० | ५०००००० | १०००००० |
| ३३ | सामुदायिक सिकाई केन्द्रलाई अनुदान | १ | ५०००००० | ५०००००० | ५०००००० | ५०००००० | ५०००००० | २५०००००० | ५००००००० |

**घ) अन्य संघसंस्थाहरुबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

उपरोक्त बमोजिम वजेट अनुमान गरिसकेपछि विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु जस्तैः बालविकास र शिक्षामा हरेक आ व को जम्मा वजेट कति, आगामी ५ वर्षको जम्मा वजेट कति र वजेटको सुनिश्चितता संघवाट, प्रदेशबाट, स्थानीय तहवाट र अन्य संघसंस्थावाट कति भनि सो को समेत विश्लेषण गरिएको छ।

# परिच्छेद: ७ अनुगमन तथा मूल्याङ्कन

योजनाको प्रभावकारिता योजना कार्यन्वयन, अनुगमन र मूल्याङ्कनमा निर्भर रहन्छ। यस योजनालाई कार्यन्वयन, अनुगमन र मूल्याङ्कन गर्नुको उद्देश्य यस योजनाले राखेका दीर्घकालिन सोच र उद्देश्यहरू पुरा भए वा भएनन् भनी तथ्यमा आधारित निष्कर्ष निकाल्नु हो । यस योजनाको कार्यन्वयन नगरपालिकाले गर्नेछ भने अनुगमन र मूल्याङ्कन अन्य निकायले पनि गर्न सक्ने छ। यस योजनाको सामान्य मूल्याङ्कन, प्रगति समिक्षा वार्षिक रूपमा गरिने छ भने आवधिक मूल्याङ्कन विभिन्न समयमा गरिने छ।

**७.१ वर्तमान अवस्था**

- नगरपालिकाको अनुगमन संयन्त्रको व्यवस्था भएको।
- एकीकृत प्रतिवेदन प्रणालीको विकास भएको।
- सहभागितात्मक तथा सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चतता भएको।
- अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोग विस्तार तथा व्यवस्थित भएको।
- नतिजामा आधारित अनुगमन पद्धती
- शिक्षक सुपरिबेक्षण र पेशागत सहयोगमा ध्यान दिएको।
- विद्यार्थी उपलब्धि परीक्षण गर्ने गरेको।
- विद्यालय कार्यसम्पादन परीक्षण गर्ने गरेको।

**७.२ उद्देश्य**

- अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित सयन्त्रकोविकास गर्नु।
- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।

**७.३ रणनीति**

- कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने।
- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने।
- विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने।
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रवन्ध गर्ने।
- योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजनावा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने।
- अनिवार्य तथा निशुःल्क शिक्षा ऐन २०७५ ले तोके बमोजिम अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी पालिकामा पेश गर्ने।

### ७.४ कार्यनिति

- शिक्षा योजना कार्यक्रमको कार्यन्वयनमा समन्वय अनुगमन र मूल्याङ्कन गर्न नगर शिक्षा समिति रहनेछ ।
- शिक्षा, युवा तथा खेलकुद शाखाले योजना अनुगमन मूल्याङ्कनमा विद्यालय व्यवस्थापन शिक्षक अभिभावक संघलाई प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।
- प्रत्येक विद्यालयका व्यवस्थापन समितिले मासिक रूपमा विद्यालय प्रगति प्रतिवेदन तयार गरी शिक्षा, युवा तथा खेलकूद शाखामा पठाउने व्यवस्था मिलाइनेछ ।
- विद्यालयमा कार्यक्रम कार्यन्वयन गर्दा देखा परेका समस्या, चुनौति र मुद्दा हेर्न नगरपालिकामा बिशेष समिति रहनेछ। उक्त समितिले विद्यालयको अनुगमन निरीक्षण गरी विद्यालयका समस्या तथा चुनौति मूल्याङ्कन गरी नगर शिक्षा समितिमा पेश गर्ने व्यवस्था मिलाइनेछ।
- विद्यालय शिक्षा योजनामा राखिएका अपेक्षाका आधारमा योजना तथा कार्यक्रमको सूचकगत विश्लेषण र मूल्याङ्कन गर्ने परिपाटिको विकास गरिनेछ ।
- समग्र शैक्षिक कार्यक्रमको अध्ययन विश्लेषण गर्न शिक्षा शाखा को संयोजकत्वमा एक शिक्षा अनुसन्धान समिति गठन गरिने छ र अनुसन्धान प्रतिवेदनका आधारमा थप कार्यक्रम सञ्चालन गरिनेछ।
- सुशासन र पारदर्शिता कायम राख्न सामाजिक र आर्थिक लेखा परीक्षणका कार्यक्रम प्रभावकारी ढङ्गले परिचालन गरिनेछ।
- प्रधानाध्यापक विद्यालयको प्राज्ञिक र प्रशासनिक व्यक्ति भएकाले विद्यालयमा कार्यक्रम कार्यान्वयन, शिक्षक परिचालन, विद्यालयका गतिविधिको मूल्याङ्कनमा जिम्मेवार बनाइनेछ।
- विद्यालयमा सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रणालीलाई शैक्षिक व्यवस्थापनको अभिन्न अङ्गका रूपमा विकास गरी अनुगमन मूल्याङ्कनबाट प्रभावकारी कार्यन्वयनमा ल्याइनेछ।
- विद्यार्थी मूल्याङ्कन र प्रमाणीकरणमा नगरपालिका भरी एकरूपता कायम गरिनेछ । कक्षा ३ ,५ र ८ को लागि पालिका भरी एउटै प्रश्नपत्रको व्यवस्था गरिने छ साथै परीक्षाको मर्यादा कायम राख्न अनुगमन समितिको व्यवस्था गरिनेछ ।
- विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न छात्रवृति, पाठ्यपुस्तक, पोर्टोफोलियो, प्रति विद्यार्थी लागतमा आधारित अनुदान उपलब्ध गराइने र त्यसको कार्यन्वयनमा जोड दिइनेछ ।
- शैक्षिक अनुसन्धान गरी अभिभावक र विद्यार्थी सन्तुष्टि मापन कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- निरन्तर मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारीताकासाथ अनिवार्य रूपमा कार्यान्वयनमा ल्याइनेछ ।

### ७.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित सयन्त्रको विकास भएको हुनेछ ।
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ ।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ।

**नतिजा**

- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ।
- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ।

**७.६ प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | अनुगमन तथा मूल्याकंन संयन्त्र निर्माण | | | १ | ० | ० | ० | १ | २ | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अद्यावधिक गर्ने | | | १ | ० | ० | ० | १ | २ | |
| ३ | स्थानीय तहले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | | | १ | १ | १ | १ | ४ | ९ | |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिबेदन तयार गर्ने | | | १ | १ | १ | १ | ४ | ९ | |
| ५ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | | | १ | १ | १ | १ | ४ | ९ | |
| ६ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन | | | १ | १ | १ | १ | ४ | ९ | |

यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि नगरमा शिक्षा शाखा तथा नगर शिक्षा समितिले अगुवाई गर्नेछ र वडामा वडा शिक्षा समितिले गर्ने छ। प्रत्येक शैक्षिक सत्रको अन्त्य सँगै नगर शिक्षा समितिले एक कार्यदल गठन गरी यस योजनामा उल्लेखित सूचकहरुमा भएको प्रगति सम्बन्धमा फिल्ड अनुगमन तथा उपलव्ध तथ्याकहरुको विश्लेषण गरी प्रतिवेदन नगर शिक्षा समितिको बैठकमा छलफल गरी आवश्यक सुझाव सहित नगर प्रमुख समक्ष प्रतिवेदन पेश गर्नेछ। उक्त कार्ययोजना बनाई कार्यान्वयन गर्न सम्बन्धित शाखालाई निर्देशन दिनेछ।

**तालिका : अनुगमन कार्ययोजना**

| क्र.सं. | क्रियाकलापहरु | कसले | कहाँ | कहिले | कसलाई प्रतिवेदन दिने | अनुगमन सुचकाङ्क |
|---|---|---|---|---|---|---|
| १ | सवै बालवालिका शिक्षाको पहुँचमा भएको सुनिश्चितता। | वि.व्य.स | विद्यालय | वैशाख महिनाभित्रमा | प्रमार्फत .अ. वडा शिक्षा समिति मार्फत नगरपालिकामा | भर्ना अभिलेख, बैठकको निर्णय |
| २ | विद्यार्थीहरुको औषत सिकाइ उपलब्धि दरमा | प्रधानाध्यापक | विद्यालय | अर्ध वार्षिक | शिक्षा शाखामा | विद्यार्थीहरुको नतिजा |

| क्र.सं. | क्रियाकलापहरु | कसले | कहाँ | कहिले | कसलाई प्रतिवेदन दिने | अनुगमन सुचकाङ्क |
|---|---|---|---|---|---|---|
| | सुधार भएको सुनिश्चितता । | | | | | |
| ३ | नगरपालिकामा गुणस्तरीय शिक्षाको मौलिक ढाँचा तयार पारी कार्यन्वयन गर्ने तथा अनुगमन फारमहरु तयार गर्ने । | शिक्षा शाखा | नगरपालिका | असोज | | गुणस्तरीय शिक्षाको मौलिक ढाँचा र अनुगमन फारम |
| ४ | शिक्षा सम्बन्धी आवश्यक नियमावली तथा निर्देशिका तयार गर्ने । | नगर कार्यपालिका | नगरपालिका | | | आवश्यकता अनुसार |
| ५ | विद्यालय अनुगमन गर्ने, आकस्मिक अनुगमन कार्यक्रम गर्ने । | शिक्षा शाखा , नगर शिक्षा समिति, वडा शिक्षा समिति | विद्यालयहरु | | | |
| ६ | नगर शिक्षा योजनाको अपेक्षित शैक्षिक सूचकहरु विद्यालय सुधार योजनामा राख्ने । | प्रधानाध्यापक | विद्यालय सुधार योजना | बैशाख मशान्त | शिक्षा शाखा | विद्यालय सुधार योजना |
| ७ | नगर शिक्षा योजनाको प्रगति प्रतिवेदन तयार गर्ने र समीक्षा गर्ने । | शिक्षा शाखा | नगर शिक्षा समिति, नगरपालिका | जेठ भित्र | शिक्षा शाखा प्रमुख मार्फत नगर प्रमुख | प्रगती प्रतिवेदन |
| ८ | तीन वर्षको प्रगति प्रतिवेदन तयार गर्ने र समीक्षा गर्ने । | शिक्षा शाखा नगर शिक्षा समिति | नगरपालिका | असार २०८२ | शिक्षा शाखा प्रमुख मार्फत नगर प्रमुख | प्रगती प्रतिवेदन |